# कम्पनी निर्देशिका, २०७२

(दोश्रो संशोधन सहित मिलाईएको)

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ।
फोन नं.०१-५३१५०७७/०१-५३६३०८९/०१-५३५९९६१
Website-www.ocr.gov.np/Email- Info ocr.gov.np

कम्पनी निर्देशिका, २०७२

जारी गरेको मितिः २०७२।०८।०६

पहिलो संशोधनः २०७३।०८।०३

दोश्रो संशोधन: २०७९।०५।०६

कम्पनी निर्देशिका, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कम्पनी ऐन, २०६३ को कार्यान्वयन तथा कम्पनी प्रशासन सम्बन्धी कार्य प्रभावकारी एवं व्यवस्थित रुपमा सम्पादन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी कम्पनी रजिष्ट्रारको कार्यालयको रजिष्ट्रारले देहाय बमोजिमको निर्देशिका जारी गरेको छः

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "कम्पनी निर्देशिका (दोश्रो संशोधन) २०७२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "निर्देशिका" भन्नाले कम्पनी निर्देशिका, २०७२ सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ।

(घ) "सञ्चालन खर्च" भन्नाले मुनाफा वितरण नगर्ने कम्पनीले सञ्चालन गर्ने कार्यक्रम वा परियोजनासंग प्रत्यक्ष सम्बन्ध नराख्ने घर भाडा, पानी, बिजुली बत्ती, टेलिफोन, फ्याक्स, मसलन्द, छपाई, विज्ञापन, परामर्श खर्च, लेखापरीक्षण खर्च, मर्मत सम्भार जस्ता कार्यालय सञ्चालनसंग सम्बन्धित प्रशासनिक र यस्तै प्रकृतिका अन्य शिरोभार खर्च (ओभरहेड एक्सपेन्सेस) सम्झनुपर्छ।

(ङ) "संस्थापन खर्च" भन्नाले मुनाफा वितरण नगर्ने कम्पनीको स्थापना गर्ने क्रममा कार्यालयमा बुझाएको दर्ता शुल्क, कानूनी परामर्श शुल्क, प्रबन्धपत्र तथा नियमावली लगायतका कम्पनी संस्थापनका लिखतहरू तयार गर्दा भएको खर्च जस्ता प्रारम्भिक खर्चहरू सम्झनुपर्छ।

▪ (च) कम्पनी ऐन, २०६३ मा प्रयुक्त "राष्ट्रिय स्तरको दैनिक पत्रिका" भन्नाले नेपाल प्रेस काउन्सिलले गरेको राष्ट्रिय तहको वर्गिकरणमा "क" वा क+ बर्गको रुपमा वर्गिकृत भएको नेपाली भाषामा प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिकालाई जनाउनेछ।

---

▪ पहिलो संशोधनद्धारा संसोधित

## परिच्छेद–२

## कम्पनीको संस्थापना

३. संस्थापकहरूबीच भएको सम्झौताः (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि "संस्थापकहरूबीच भएको सम्झौता" भन्नाले कुनै पब्लिक कम्पनीको संस्थापना तथा यसका संस्थापकहरूको आपसी सम्बन्धका बारेमा कम्पनी संस्थापना गर्नु अघि संस्थापकहरूबीच भएको सम्झौता सम्झनुपर्छ। त्यस्तो सम्झौता कम्पनीका संस्थापकहरूलाई मात्र लागू हुन्छ। कम्पनीलाई त्यस्तो सम्झौता लागू हुँदैन।

(२) कम्पनी दर्ता गर्न पेश गरेको निवेदनको साथमा संस्थापकहरूबीच कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

४. सर्वसम्मत सम्झौताः (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) को प्रयोजनको लागि "सर्वसम्मत सम्झौता" भन्नाले प्राइभेट कम्पनीका सम्पूर्ण शेयरधनीहरू बीच भएको कुनै सम्झौतालाई सम्झनुपर्छ। त्यस्तो सर्वसम्मत सम्झौता कम्पनी संस्थापना गर्नु अघि पनि हुन सक्छ र कम्पनी संस्थापना भएपछि पनि गर्न सकिन्छ। सम्झौताका पक्षहरू कम्पनी स्वयं नभई कम्पनीमा संस्थापक वा शेयरधनीहरू हुनेछन्।

(२) कम्पनी दर्ता गर्ने निवेदनका साथमा कम्पनी संस्थापना गर्नु अघि प्राइभेट कम्पनीका संस्थापकहरूबीच कुनै सर्वसम्मत सम्झौता भएको भए सोको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

(३) प्राइभेट कम्पनी संस्थापना भएपछि त्यस्तो कम्पनीका शेयरधनीहरूबीच कुनै सर्वसम्मत सम्झौता भएमा वा पहिले नै भएको सर्वसम्मत सम्झौतापत्र कुनै संशोधन गरिएमा सोको मितिले १५ दिनभित्र प्रमाणित प्रति कार्यालयमा पेश गर्नुपर्नेछ।

● (४) कार्यालयमा पेश गरिने कम्पनी दर्ता तथा प्रशासन सम्वन्धी प्रवन्धपत्र, नियमावली,संशोधित प्रवन्धपत्र तथा नियमावली,सर्वसम्मत संझौता, शेयर खरिद विक्री, दान वकस,शेयर जफत र कम्पनीको दर्ता खारेजी समेतका प्रमुख कानूनी लिखतहरुमा कानून व्यवसाय गर्न इजाजत प्राप्त कानून व्यवसायी (अभिवक्ता, अधिवक्ता वा वरिष्ठ अधिवक्ता) वा इजाजत प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनु पर्नेछ। तर शेयर विक्री लिखतको हकमा नोटरी पब्लिकले प्रमाणित गरेको सक्कलै विक्री लिखत पेश गर्नु पर्नेछ।

❖ (४क.) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनी प्रशासन सम्वन्धी कार्यालयमा पेश हुने कागजातहरुको वैधानिकता र आधिकारिताको जिम्मेवारी,दायित्व र जवाफदेही कार्यालय वा कार्यालयको कुनै कर्मचारी हुने छैन। त्यस्ता कागजातहरुको जिम्मेवारी, दायित्व र जवाफदेहिता सम्वन्धित कम्पनी र कम्पनीको तर्फबाट कागजात पेश गर्ने व्यक्ति वा अख्तियारवालाले लिनु पर्नेछ।

---

● दोश्रो संशोधनद्धारा संशोधित

❖ दोश्रो संशोधनद्धारा थप

५. विदेशी संस्थापकले अनुमतिपत्र प्राप्त गर्नुपर्नेः (१) कुनै विदेशी व्यक्ति वा कम्पनी वा संगठित संस्थाले नेपालमा आफू संस्थापक भई कम्पनी दर्ता गराउन सक्नेछ । तर त्यस्तो विदेशी संस्थापकले नेपालमा लागानी गर्न वा व्यवसाय वा कारोबार गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेको हुनुपर्नेछ । कम्पनी दर्ताको निवेदनको साथमा त्यस्तो अनुमतिपत्र पनि कार्यालयमा पेश गर्नुपर्नेछ ।

उदाहरणः

(क) नेपालमा लगानी गर्न चाहने विदेशी संस्थापकले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम उद्योग विभागबाट अनुमति प्राप्त गरेको हुनुपर्छ ।

(ख) नेपालमा बैकिङ्ग वा वित्तीय कारोबार गर्न चाहने विदेशी संस्थापकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरेको हुनुपर्छ ।

(२) कुनै बिदेशी कम्पनी, व्यक्ति वा निकायले नेपालमा संस्थापित कम्पनीको शेयरमा लगानी गर्दा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा बिदेशी मुद्रामा लगानी गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै बिदेशी व्यक्ति वा कम्पनी वा संगठित संस्थाले नेपालमा कम्पनी दर्ता गर्दा सम्वन्धित निकायबाट स्वीकृत पूँजी रकम बमोजिमको शेयर पूँजी कायम गरी कम्पनी दर्ता गर्नु पर्नेछ । स्वीकृत पूँजी भन्दा न्यून पूँजी कायम गरी वा कम्पनीको उद्देश्य परिवर्नन गरी कम्पनी दर्ता हुनेछैन ।

६. प्राकृतिक व्यक्ति वा संगठित संस्था मात्र संस्थापक हुन सक्नेः (१) प्राकृतिक व्यक्ति वा संगठित संस्था मात्र कम्पनीको संस्थापक हुन सक्नेछन् । ----------■ साझेदारी फर्म वा प्राइभेट फर्मको छुट्टै कानूनी अस्तित्व नहुने भएकोले त्यस्तो फर्मको नामबाट कम्पनी संस्थापना हुन सक्नेछैन । त्यस्ता फर्महरू कुनै कम्पनीको संस्थापक पनि हुन सक्ने छैनन् । प्राइभेट फर्म वा साझेदारी फर्मको नाममा कम्पनीको शेयर खरीद वा हस्तान्तरण पनि हुन सक्नेछैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "संगठित संस्था" भन्नाले कानूनबमोजिम दर्ता भई छुट्टै कानूनी अस्तित्व भएका कम्पनी, सार्वजनिक संस्थान र निगम जस्ता कानूनी व्यक्ति सम्झनुपर्छ ।

(२)यो निर्देशिका लागू हुनुभन्दा पहिले कुनै --------- # साझेदारी फर्म वा प्राइभेट फर्मको नाममा कुनै कम्पनीको शेयर जारी गरिएको भए यो निर्देशिका जारी भएको एक वर्षभित्र त्यस्तो शेयर प्रचलित कानूनबमोजिम शेयरको स्वामित्व ग्रहण गर्न योग्य कुनै व्यक्ति वा संगठित संस्थाको नाममा नामसारी गरिसक्नु पर्नेछ ।

(३) सहकारी ऐन, २०४८ बमोजिम संस्थापित सहकारी संस्थाले निर्देशिकाको यो दफा प्रारम्भ हुनु भन्दा पहिले कुनै कम्पनीको शेयर वा डिवेन्चरमा लगानी गरेको वा कम्पनी संस्थापना गरेको भए यो दफा प्रारम्भ भएको एक बर्ष भित्र त्यस्तो सहकारी संस्थाले कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी ऐन बमोजिम योग्य व्यक्ति वा संगठित संस्थालाई कम्पनीको शेयर हस्तान्तरण गरिसक्नु पर्नेछ ।

---

■ "संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका संस्था वा" भन्ने शब्दहरु पहिलो संसोधनद्धारा झिकिएको ।

# दोश्रो संशोधनद्धारा झिकिएको ।

■ (४) उपदफा (३) र (४) मा तोकिएको अवधि भित्र शेयर वा डिवेन्चर नामसारी वा हस्तान्तरण गर्न नसक्ने मनासिब कारण सहित त्यस्तो ---------- # सहकारीले ------- # वा सहकारीको शेयर लगानी रहेको कम्पनीले निवेदन दिएमा कार्यालयले सम्बन्धित कम्पनीको नाममा आवश्यक निर्देशन सहित यो दफा लागु भएको मितिले २ बर्षमा नबढ्ने गरी शेयर वा डिवेन्चर नामसारी वा हस्तान्तरणको लागि थप समय दिन सक्नेछ।

■ (५) उपदफा (२), (३) र (४) मा तोकिएको अबधि भित्र तोकिए बमोजिम शेयर वा डिवेन्चर नामसारी वा हस्तान्तरण नगर्ने फर्म -------- # वा सहकारीको नाममा सो अवधि पश्चात कुनै थप शेयर जारी हुन सक्ने छैन । साथै त्यस्तो शेयर वा डिवेन्चरमा गरेको लगानी बापत कुनै लाभांश वा प्रतिफल समेत पाउन सक्ने छैन ।

७. संस्थापक हुन नपाउनेः कुनै एउटा कम्पनीले संस्थापक भई अर्को कम्पनी दर्ता गराउन चाहेमा त्यस्तो संस्थापक कम्पनीले आफ्नो चुक्ता पूँजीको रकम भन्दा बढी हुने गरी आफूले संस्थापना गर्न चाहेको कम्पनीको शेयर खरीद गर्न वा संस्थापकको रुपमा रहन पाउने छैन ।

उदाहरणः

चुक्ता पूँजी एक करोड रुपैँयाँ भएको नगरकोट डेरी प्रा.लि. ले भक्तपुर डेरी प्रा.लि. कम्पनी संस्थापना गर्न सक्दछ ।तर नगरकोट डेरी प्रा.लि. ले भक्तपुर डेरी प्रा.लि. को एक करोड रुपैँया मूल्य भन्दा बढीको शेयरको खरीद गर्न पाउने छैन ।

८. स्वीकृति अनुमतिपत्र पेश गर्नुपर्नेः प्रचलित कानून बमोजिम कुनै खास व्यवसाय वा कारोबार सञ्चालन गर्न कम्पनी दर्ता गर्नु अघि कुनै खास नियमनकारी निकायबाट स्वीकृति, सहमति वा अनुमतिपत्र प्राप्त गर्नुपर्ने भएमा त्यस्तो व्यवसाय वा कारोबार गर्न चाहने व्यक्तिले सम्बन्धित निकायबाट त्यस्तो स्वीकृति वा अनुमतिपत्र प्राप्त गरेपछि मात्र कम्पनी दर्ताको लागि निवेदन दिन सक्नेछन् । कम्पनी दर्ताको निवेदनको साथमा त्यस्तो स्वीकृति, सहमति वा अनुमतिपत्र पनि पेश गर्नुपर्नेछ ।

उदाहरणः

बैंक वा वित्तीय कारोबार सञ्चालन गर्नका लागि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त गर्नुपर्छ ।

■ ८क. अनुमति वा इजाजत पेश गर्नु पर्नेः यस कार्यालयमा दर्ता भएका कम्पनीहरुको आफ्नो उद्देश्य अनुरुप कार्य संचालन गर्नु अघि सम्बन्धित निकायको अनुमति वा इजाजत लिनु पर्ने भए त्यस्तो अनुमति वा इजाजत लिनु पर्नेछ र त्यस्तो अनुमति वा इजाजतको प्रति ( नविकरण गर्नु पर्ने भए नविकरण गरेको प्रति समेत) ऐनको दफा ५१ को उपदफा (२) को विवरण साथ संलग्न गरी कार्यालयमा पठाउनु पर्नेछ ।"

---

■ उपदफा (४) र (५) पहिलो संशोधनद्धारा थपिएको

# दोश्रो संशोधनद्धारा झिकिएको ।

■ दफा ( ८क). पहिलो संशोधन द्धारा थपिएको ।

९. अख्तियारनामाको ढाँचाः (१) कम्पनी दर्ताको लागि दिइने निवेदन, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कम्पनीका संस्थापकहरू आफैले सहीछाप गरेको हुनुपर्छ । तर कम्पनी दर्ताको क्रममा कार्यालयमा सम्पर्क गर्ने, नपुग कागजात वा विवरण पेश गर्ने लगायत कम्पनी दर्तासम्बन्धी कामका लागि कम्पनीका संस्थापकहरूले प्रचलित कानून बमोजिम अख्तियारनामा दिन सक्नेछन् । कम्पनी दर्ताको क्रममा त्यसरी प्रदान गरिने अख्तियारनामाको ढाँचा अनुसूची १ बमोजिम हुनेछ । तर कुनै विदेशी कम्पनी संस्थापक भए त्यस्तो कम्पनी संस्थापना भएको देशको कानून अनुसारको अख्तियारनामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अख्तियार प्राप्त गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने अन्य कुनै कागजात पनि कम्पनी दर्ताको निवेदनको साथमा पेश गर्नुपर्नेछ ।

१०. व्यवसायको प्रकृति खुलाउन सकिनेः (१) एक भन्दा बढी प्रकृतिको व्यवसाय गर्ने कम्पनीले प्रबन्धपत्र तथा नियमावलीमा आफ्नो व्यवसायको प्रकृति खुलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायको प्रकृति खुलाउँदा निम्न बमोजिम खुलाउनु पर्नेछः–

(क) उत्पादनमूलक व्यवसाय

(ख) व्यापारमूलक व्यवसाय

(ग) सेवामूलक व्यवसाय

(घ) अन्य व्यवसाय

▪ १०क. जारी पुँजी बराबरको शेयर बाँडफाँडको विवरण पेश गर्नु पर्नेः कम्पनीको संस्थापना गर्दा प्रस्ताव गरेको अधिकृत पुँजी मध्ये तत्काल जारी हुने पुँजी रकम बराबरको विवरण (तत्काल लिन कबुल गरेको शेयरको विवरण) समेत समावेश गर्नु पर्नेछ ।

❖ **१०ख. गणपुरक संख्या सम्वन्धी अपवादजनक व्यवस्थाः**(१) ऐनको दफा ७३ बमोजिम प्राइभेट कम्पनीको साधारणसभाको गणपुरक संख्या त्यस्तो कम्पनीको नियमावलीमा लेखिए वमोजिम हुनेछ ।

(२) दुई वा दुईजना भन्दा वढी संस्थापक भई कम्पनी दर्ता गर्दा दुई जना मात्र संस्थापक भएको र कम्पनीको तत्काल जारी पूंजी मध्ये दुवै संस्थापकले वरावर रकमको शेयर लिन कवुल गरेको हकमा सामान्यतः त्यस्तो कम्पनीको कूल शेयर संख्याको शत प्रतिशत शेयर संख्याको प्रतिनिधित्व गर्ने शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन ।

---

▪ दफा (१०क) पहिलो संशोधनद्वारा थपिएको ।

❖ दोश्रो संशोधन थप ।

तर दुई जना मात्र संस्थापक भएपनि घटीवढी हुने गरी शेयर लिन कवुल गरेको वा दुईजना भन्दा वढी संस्थापक भई वरावर वा घटीवढी हुने गरी शेयर लिन कवुल गरी कम्पनी दर्ता गरेको भएमा कम्पनीको नियमावलीमा तोकिए वमोजिमको शेयर संख्याको प्रतिनिधित्व गर्ने शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन।

(३) उपदफा (२) वमोजिम दुई वा दुई भन्दा वढी संस्थापक शेयरधनी भई दर्ता भएको कम्पनीमा पचास प्रतिशत शेयर संख्याको प्रतिनिधित्व गर्ने कुनै संस्थापक शेयरधनी वा संस्थापक शेयरधनीहरु लामो समय सम्म कम्पनीको सम्पर्कमा नआएमा वा वेवास्ता गरी वसेमा वा कम्पनीको दायित्व प्रति हेलचक्राई गरी वसेमा वा कुनै कारणले वेपत्ता भएमा वांकी पचास प्रतिशत शेयर संख्याको प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीले त्यसरी कम्पनीको सम्पर्कमा नआउने वा वेपत्ता हुने संस्थापक शेयरधनीको स्थायी, अस्थाई घर ठेगानामा पत्राचार गर्नु पर्नेछ।

(४) उपदफा (३) वमोजिम घर ठेगानामा पत्राचार गर्दा समेत कम्पनीको सम्पर्कमा नआएमा कम्पनीको सम्पर्कमा नआउने वा हेलचक्राई वा वेवास्ता गरी वस्ने वा वेपत्ता हुने संस्थापक शेयरधनी वा निजहरुको हकवालालाई कम्पनीको सम्पर्कमा आउन राष्ट्रियस्तरका पत्रपत्रिकामा पहिलो पटक पैतीस दिने सार्वजनिक सूचना जारी गर्नु पर्नेछ।

(५) उपदफा (२) र (३) वमोजिम घर ठेगानामा पत्राचार गर्दा वा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कम्पनीको सम्पर्कमा नआएमा कम्पनीको सम्पर्कमा नआउने वा वेवास्ता गर्ने वा कम्पनीको दायित्व प्रति हेलचक्राई गर्ने वा वेपत्ता हुने संस्थापक शेयरधनी वा निजहरुका हकवालाहरुको नाममा राष्ट्रियस्तरका पत्रपत्रिकामा दोश्रो पटक पन्ध्र दिने सूचना जारी गरी त्यसरी घर ठेगानामा पत्राचार गरेको तथा सार्वजनिक सूचना प्रकाशित गरेको जानकारी कार्यालयलाई समेत दिनु पर्नेछ।

(६) उपदफा (३) (४) र (५) वमोजिम घर ठेगानामा पत्राचार गर्दा वा सार्वजनिक सूचना जारी गर्दा समेत कम्पनीको सम्पर्कमा नआउने वा वेवास्ता गर्ने वा कम्पनीको दायित्व प्रति हेलचक्राई गरी वसेका वा वेपत्ता भएका संस्थापक शेयरधनी मध्ये कुनै पनि संस्थापक शेयरधनी वा निज वा निजहरुका हकवाला कम्पनीको सम्पर्कमा नआएमा त्यस्तो कम्पनीको तत्काल जारी पूंजी मध्ये पचास प्रतिशत शेयर संख्या लिन कवुल गर्ने संस्थापक शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा कम्पनीको साधारणसभाको काम कारवाही हुन सक्नेछ।

(७) उपदफा (६) वमोजिमको गणपुरक संख्या कम्पनीको विशेष साधारणसभा, संचालक समिति गठन र कम्पनी संचालन समेतमा लागु हुनेछ।

(८) प्राइभेट कम्पनीको नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (६) वमोजिम गणपुरक संख्या पचास प्रतिशत कायम भई भएको साधारणसभाको काम कारवाही सोही कम्पनीको नियमावली वमोजिम भए गरेको मानिनेछ।

●११. शेयरधनीको सङ्ख्याः (१)प्राइभेट कम्पनीको शेयरधनीहरूको सङ्ख्या एकसय एकजना भन्दा बढी हुनु हुँदैन।

तर शेयरधनीहरूको सङ्ख्याको गणना गर्दा कम्पनीको शेयरमा हक प्राप्त गर्ने देहाय बमोजिमका शेयरधनीलाई गणना गरिने छैनः

(क) कम्पनीले कर्मचारीलाई शेयर विक्री गर्ने योजना अन्तरगत कम्पनीको शेयर खरीद गर्ने कर्मचारी शेयरधनीहरू,

(ख) खण्ड (क) अनुसार शेयर खरीद गरी कम्पनीको सेवाबाट अलग भएका कर्मचारी शेयरधनीहरू, र (ग) खण्ड (क) तथा (ख) मा उल्लेखित शेयरधनीहरूबाट अंश, अपुताली वा शेषपछिको बकसपत्रबाट शेयरमा हक प्राप्त गर्ने व्यक्तिहरू।

(२) उपदफा (१) बमोजिम कम्पनीको शेयरमा हक प्राप्त गर्ने व्यक्तिहरूले कम्पनीको अन्य शेयरधनी सरहको दायित्व बहन गर्नुपर्नेछ र निजहरूलाई अन्य शेयरधनीहरूलाई प्राप्त हुने सबै हक अधिकार प्राप्त हुनेछन्।

१२. कम्पनीले आफ्नो नामबाट कारोबार गर्नुपर्नेः (१) कम्पनीले आफूले गर्ने सम्पूर्ण काम कारोबारहरू कम्पनीको नामबाट गर्नुपर्नेछ।

(२) कम्पनीको साइनबोर्ड र लेटरप्याड लगायत कम्पनीका काम कारोबार सम्बन्धी सम्पूर्ण लिखतहरूमा कम्पनीको पूरा नाम र कम्पनीको दर्ता नं. उल्लेख भएको हुनुपर्नेछ।

(३) कम्पनीले आफ्नो साइनबोर्ड र लेटरप्याड आदिमा कम्पनीले प्रदान गर्ने आफ्नो उत्पादन वा सेवामा प्रयोग हुने ट्रेडमार्क वा व्यवसायिक नाम (ब्राण्ड नेम) को उल्लेख गर्ने भएमा सोको साथमा कम्पनीको नाम पनि उल्लेख गर्नुपर्नेछ।

१३. प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गर्न सकिनेः (१) साधारण सभामा विशेष प्रस्ताव पारित गरी कुनै प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गर्न सकिनेछ।

(२) साधारण सभा नगर्ने प्राइभेट कम्पनीलाइ पब्लिक कम्पनीमा परिणत गर्ने बारेमा साधारण सभाले गर्नुपर्ने सबै निर्णय तथा काम कारबाही गर्नको लागि त्यस्तो कम्पनीको नियमावली वा सर्वसम्मत सम्झौतामा भएको व्यवस्था बमोजिम अख्तियार प्राप्त व्यक्ति वा समितिको निर्णय उपदफा (१) को प्रयोजनको लागि साधारण सभाको निर्णय सरह मानिनेछ।

---

● दोश्रो संशोधनद्धारा संशोधित

(३) उपदफा (१) वा (२) बमोजिम पब्लिक कम्पनीमा परिणत हुन चाहने कम्पनीले देहाय बमोजिमका शर्तहरू पूरा गरेको हुनुपर्नेछः

(क) चुक्ता पूँजी कम्तीमा एक करोड रुपैँयाँ भएको,

❖ "तर कुनै खास किसिमको कम्पनीको चुक्ता पुँजी एक  करोड भन्दा बढी हुनु पर्ने भएमा सोही बमोजिमको चुक्ता पुँजी कायम भएको हुनु पर्नेछ ।"

(ख) कम्पनीको खुद सम्पत्ति कम्पनीको चुक्ता पूँजी र वितरण गर्न नमिल्ने संचिति कोषको जम्मा रकमभन्दा कम  नभएको,

(ग) कम्तीमा सात जना शेयरधनीहरू भएको ।

(४) उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि पब्लिक कम्पनीमा परिणत हुनको लागि त्यस्तो प्राइभेट कम्पनीको कार्यालयमा निवेदन दिएको मितिभन्दा कम्तीमा छ महिना अघिसम्मको वासलात तयार गरी लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्नेछ ।

(५) वासलात तयार गरिएको मितिसम्म कम्पनीको खुद सम्पत्ति कम्पनीको चुक्ता पूँजी र वितरण गर्न नमिल्ने संचिति कोषको रकमभन्दा कम नभएको भनी उपदफा (४) बमोजिम वासलात प्रमाणित गर्ने लेखापरीक्षकले लिखित उदघोषण गरेको हुनुपर्नेछ ।

(६) कार्यालयबाट पब्लिक कम्पनीमा परिणत भएको प्रमाणपत्र जारी भएको मितिबाट पब्लिक कम्पनीलाई लागू हुने ऐनका सम्पूर्ण व्यवस्थाहरू उपदफा (१) वा (२) बमोजिम पब्लिक कम्पनीमा परिणत भएको कम्पनीलाई पनि लागू हुनेछन् ।

(७) उपदफा (१) बमोजिम परिणत भएको कम्पनीले तीन महिना भित्र कारोबार प्रारम्भ गर्न कार्यालयबाट स्वीकृति लिनुपर्ने छ ।

१४. पब्लिक कम्पनीमा परिणत गर्नका लागि कार्यालयमा पेश गर्नुपर्ने कागजातहरूः दफा १३ बमोजिम पब्लिक कम्पनीमा परिणत हुन चाहने प्राइभेट कम्पनीले परिणत हुनको लागि कार्यालयमा पेश गर्नुपर्ने निवेदनको साथमा देहायका लिखितहरू पेश गर्नुपर्नेछः

(क) प्राइभेट कम्पनीको साधारण सभाले पब्लिक कम्पनीमा परिणत हुनको लागि पारित गरेको विशेष प्रस्ताव वा कम्पनीको नियमावली वा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्थाबमोजिम भएको निर्णय–एक प्रति

(ख) प्रस्तावित संशोधन सहितको कम्पनीको प्रबन्धपत्र र नियमावली–दुई प्रति

(ग) दफा १३ को उपदफा (४) बमोजिम कम्पनीको वासलात तथा नाफा नोक्सानीको हिसाब– एक प्रति

(घ) दफा १३ को उपदफा (५) बमोजिमको लेखापरीक्षणको लिखित उदघोषण– एक प्रति

---

❖ दोश्रो संशोधनद्वारा थप

(ङ) ऐन बमोजिम पब्लिक कम्पनीमा परिणत हुनको लागि सम्पूर्ण आवश्यक शर्तहरू पालना भएको छ भनी कम्पनीका सञ्चालकहरूले गरेको लिखित उद्धघोषण– एक प्रति

➢ १५.

➢ १६.

● १७. पब्लिक कम्पनीबाट परिणत भएको प्राइभेट कम्पनीमा शेयरधनीको सङ्ख्याः (१) न्यूनतम चुक्ता पूँजी कायम गर्न नसकी पब्लिक कम्पनीबाट प्राइभेट कम्पनीमा परिणत भएका कम्पनीमा एकसय एक जना भन्दा बढी शेयरधनी रहेको भए तापनि सो सङ्ख्या कायम रहन सक्नेछ् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत हुँदाको अवस्थामा कायम रहेको शेयरधनीहरूको सङ्ख्या भन्दा बढी हुने गरी शेयरधनीहरूको सङ्ख्या बढाउन सकिने छैन।

उदाहरणः

नेपाल वनस्पत्ति विकास लिमिटेड नामको पब्लिक कम्पनीले आफ्नो चुक्ता पूँजी एक करोड रुपैँया पु-याउन वा कायम राख्न नसकी प्राइभेट लिमिटेड कम्पनीमा परिणत गर्दाको अवस्थामा उक्त कम्पनीको शेयरधनीको संख्या एकयस वीस जना भएमा उक्त कम्पनी प्राइभेट कम्पनीमा परिणत भएपछि पनि सो सङ्ख्या कायम रहन सक्नेछ । तर सो कम्पनीको उक्त सङ्ख्यामा बढ्ने गरी शेयर हस्तान्तरण वा विक्री गर्न हुँदैन ।

(३) उपदफा (१) अनुसार प्राइभेट कम्पनीमा परिणत भएको कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयर वा डिवेञ्चर जारी गर्न पाउने छैन ।

१८. सूचना कम्तीमा दुईपटक प्रसारण वा प्रकाशन गर्नुपर्नेः (१) ऐनमा गरिएको व्यवस्था बमोजिम कम्पनी वा यसका सञ्चालक, शेयरधनी, डिवेञ्चरवाला वा कर्मचारीलाई कुनै सूचना, म्याद, वन्दसवाल अन्य उपायद्वारा तामेल हुन नसकेमा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रसारण वा प्रकाशन गरी तामेल गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो सूचना वा जानकारी कम्तीमा दुईपटक प्रकाशन वा प्रसारण गर्नुपर्नेछ । एकपटक त्यस्तो सूचना वा जानकारी रेडियो वा टेलिभिजनमा प्रसारण भएकोमा अर्को पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी अर्को पटक रेडियो वा टेलिभिजनमा प्रसारण गरेमा पनि यस दफाको प्रयोजनको लागि दुईपटक पुगेको मानिनेछ ।

(३) उपदफा (१) को प्रयोजनको लागि पछिल्लो पटक त्यस्तो सूचना वा जानकारी प्रकाशन वा प्रसारण भएको मितिबाट म्याद तामेल भएको दिनको गणना शुरु हुनेछ ।

---

➢ दोश्रो संशोधनद्धारा खारेज ।

● दोश्रो संशोधनद्धारा संशोधित

परिच्छेद–३

प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र

१९. प्रबन्धपत्र र नियमावलीमा सही गर्नुपर्नेः (१) प्रबन्धपत्र, नियमावली, संस्थापकहरूबीच भएको सम्झौता वा सर्वसम्मत सम्झौताको प्रत्येक पृष्ठमा सबै संस्थापकहरूले सही गरेको हुनुपर्नेछ । कुनै संगठित संस्थाको अधिकारप्राप्त व्यक्तिको सहीका अतिरिक्त त्यस्तो संगठित संस्थाको छाप भए सो समेत लगाएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सही गर्दा प्रत्येक पृष्ठको अन्त्यमा सही गर्नुपर्नेछ । कुनै कम्पनीमा एघार जना भन्दा बढी संस्थापक रहेको भए प्रथम सञ्चालकहरूले मात्र प्रत्येक पृष्ठको अन्त्यमा सही गरे पर्याप्त हुनेछ । तर अन्तिम पृष्ठमा भने प्रत्येक संस्थापकले सही गर्नुको साथै ल्याप्चे पनि लगाएको हुनुपर्नेछ ।

■ (३) कुनै कम्पनीको प्रबन्धपत्र वा नियमावलीको अंग्रेजी भाषाको अनुवाद समेत आवश्यक पर्ने भएमा नोटरी पब्लिकबाट अनुवाद गराई उपदफा (१) र (२) बमोजिमको रित पुरा गरी पेश गर्नु पर्नेछ। कार्यालयबाट कम्पनीको प्रबन्धपत्र वा नियमावलीको अंग्रेजी भाषाको प्रति समेत अभिलेख गरिएको भए पनि नेपाली भाषाको प्रबन्धपत्र वा नियमावलीलाई नै आधिकारिक मानिनेछ।

२०. नामको आधारमा दर्ता इन्कार गर्न सकिनेः (१) देहायका कुनै अवस्थामा कार्यालय कम्पनीको दर्ता इन्कार गर्न सक्नेछः

(क) प्रस्तावित कम्पनीको नामले नेपाल सरकार, कुनै सार्वजनिक संस्थान वा निकाय वा स्थानीय निकायसँग त्यस्तो कम्पनीको कुनै सम्बन्ध वा आबद्धता रहेको आशय प्रकट गरेको तर सो सम्बन्धमा नेपाल सरकार वा सम्बन्धित निकायको संलग्नता वा सहमति भएको कागज पेश नभएमा,

(ख) प्रस्तावित कम्पनीको नामले त्यस्तो कम्पनीको उद्देश्य वा त्यस्तो कम्पनीले गर्ने कामको बारेमा गलत वा भ्रमपूर्ण जानकारी वा आशयप्रकट गर्ने अवस्था भएमा,

उदाहरणः

(अ) बीमा कारोबार नगर्ने कम्पनीले आफ्नो नाममा 'बीमा' भन्ने शब्द प्रयोग गर्न पाइदैन ।

(आ) प्रस्तावित कम्पनीको नाम प्रचलित ट्रेडमार्क कानून बमोजिम दर्ता भएको वा दर्ताको लागि निवेदन परेको कुनै ट्रेडमार्कसँग मिल्ने भएमा वा भ्रम सिर्जना हुन सक्ने गरी त्यस्तो कम्पनीको नामसग मिल्दोजुल्दो हुने भएमा ।

(इ) प्रस्तावित कम्पनीले कुनै ख्याती प्राप्त व्यक्तिसँगको सम्बद्धता रहेको आसय देखाउने वा निजको नामसँग मिल्दोजुल्दो नाम प्रयोग गरेको तर त्यस्तो व्यक्तिको वा निजको मृत्यु भइसकेको भए निजको हकवालाबाट त्यस्तो नाम प्रयोग गर्नेबारे लिखित स्वीकृति वा सहमति प्राप्त नगरेको भएमा ।

---

■ उपदफा (३) पहिलो संशोधनद्धारा थपिएको।

(ई) प्रस्तावित कम्पनीले कुनै ख्यातिप्राप्त संगठित संस्थासँगको सम्बद्धता रहेको आसय देखाउने वा यस्तो संस्थाको नामसँग मिल्दोजुल्दो नाम प्रयोग गरेको तर त्यस्तो संगठित संस्थाको अधिकार प्राप्त व्यक्तिबाट लिखित अनुमति वा स्वीकृति प्राप्त नगरेको भएमा।

(२) उपदफा (१) मा उल्लेखित अवस्थाहरूको प्रतिकूल हुनेगरी कुनै कम्पनीले आफ्नो नाम परिवर्तन गर्न पाउने छैन।

(३) ऐनको दफा ६ (ग) मा उल्लेख भए अनुसार पहिले दर्ता भई कायम रहेको कुनै कम्पनीको नाम जुनसुकै कारणले हाल कायम नरहेको पाँच वर्ष नभएको कम्पनीको नामसँग मिल्ने भएमा वा भ्रम सिर्जना हुन सक्ने गरी त्यस्तो कम्पनीको नामसँग मिल्दोजुल्दो हुने गरी कम्पनीको नाम प्रस्ताव गरेमा,

तर ऐन बमोजिम अर्को कम्पनी गाभिलिने कम्पनीले गाभि लिएको एक वर्ष पश्चात एक पटकको लागि साविकको कम्पनीको (गाभिएको कम्पनी) नाम ग्रहण गर्ने गरी अनुरोध गरेमा कार्यालयबाट संसोधन अभिलेख गर्न कुनै बाधा पर्ने छैन।

२१. कम्पनीको नाम सम्बन्धी थप व्यवस्थाहरू: (१) कम्पनीले आफ्नो नामको पछाडि मात्र "लिमिटेड" भन्ने शब्द प्रयोग गर्नुपर्नेछ।

(२) प्रस्तावित कम्पनीको नामको पछाडि बाहेक अन्यत्र "लिमिटेड" वा "प्राइभेट लिमिटेड" भन्ने शब्द प्रयोग भएकोमा त्यस्तो कम्पनी दर्ता हुनेछैन।

❖ (२क.) कम्पनी दर्ता गर्दा सामान्यत एक शब्दको कम्पनी दर्ता गरिने छैन। तर एक शब्दमा नै कम्पनीको प्रकृति खुल्ने अवस्थामा एक शब्दको कम्पनी समेत दर्ता गर्न वाधा पर्ने छैन।

❖ (२ख.)कम्पनीको प्रस्तावित नाम स्वीकृत भएको तीन महिना भित्र कम्पनी दर्ताको लागि कागजात पेश नगरी वेवास्ता गरी वसेमा रजिष्ट्रारले स्वीकृत नाम रद्द गर्न सक्नेछ।

(३) कम्पनीको नाम *नेपाली र अंग्रेजी दुवैमा राख्नु पर्नेछ*।

(४) कार्यालयमा दर्ता रहेको कम्पनीहरूको नामसँग भ्रम सिर्जना हुने किसिमले प्रस्तावित कम्पनीको नाम मिल्दोजुल्दो भएमा त्यस्तो कम्पनी दर्ता हुनेछैन।

(५) उपदफा (४) बमोजिम प्रस्तावित कम्पनीको नाम भ्रम सिर्जनागर्न सक्ने गरी अर्को कम्पनीस"ग मिल्दोजुल्दो छ वा छैन भन्ने कुराको निर्णय गर्दा देहायका कुराहरूलाई महत्व दिइने छैनः–

(क) कम्पनीको प्रकृति (जस्तैः प्राइभेट कम्पनी हो वा पब्लिक कम्पनी हो वा मुनाफा वितरण नगर्ने कम्पनी हो भन्ने कुरा) बाट कम्पनीको प्रस्तावित नाम फरक देखिन्छ भन्ने कुरा।

(ख) प्रस्तावित नामको अगाडि प्रयोग गरिएको 'दि' (The), 'न्यू' (New), 'श्री' जस्ता शब्दहरूको प्रयोगबाट कम्पनीको प्रस्तावित नाम फरक देखिन्छ भन्ने कुरा।

---

❖ दोश्रो संशोधनद्धारा थप ।

(ग) विराम चिन्ह जस्तैः अल्पविराम, अर्धविरामहरूको प्रयोगबाट कम्पनीको प्रस्तावित नाम फरक देखिन्छ भन्ने कुरा।

(घ) हिज्जे (Spelling) मा सामान्य अन्तर भए (जस्तैः कम्पनीको प्रस्तावित नाम उच्चारण गर्दा दर्ता भएको अर्को कम्पनीको नामसँग मिल्दोजुल्दो लाग्ने भएमा वा सुनिने भएमा) बाट कम्पनीको प्रस्तावित नाम फरक देखिन्छ भन्ने कुरा।

उदाहरणः

'सगरमाथा डेरी लि.' नामक कम्पनी दर्ता रहकोमा निम्नलिखित नाम भएका प्रस्तावित कम्पनीहरूको दर्ता हुँदैनः

(क) सगरमाथा डेरी प्रा.लि.

(ख) सगरमाथा डेरी प्रोडक्टस् प्रा.लि.

(ग) न्यू सगरमाथा डेरी लि.

(घ) न्यू सगरमाथा डेरी प्रा.लि.

(ङ) द सगरमाथा डेरी लि.

(च) द सगरमाथा डेरी प्रा.लि.

(छ) हाम्रो सगरमाथा डेरी प्रोडक्टस् प्रा.लि.

(ज) हाम्रो सगरमाथा डेरी प्रोडक्टस् लि.

(झ) New Sagarmatha Dairy Limited आदि।

२२. नाम परिवर्तन गर्नुपर्नेः (१) देहायको अवस्थामा दर्ता गरेको कुनै कम्पनीको नाम परिवर्तन गर्न कार्यालयले आदेश दिन सक्नेछः

(क) लेखाइको सामान्य त्रुटी वा अन्य कुनै कारणले ऐन वा यस निर्देशिकाको विपरीत नाम भएको कम्पनी दर्ता भएकोमा,

(ख) सरोकारबाला मर्का पर्ने कुनै व्यक्तिले दर्ता भएको कुनै कम्पनीको नाम ऐन वा यस निर्देशिका विपरीत छ भनी लिखित रुपमा आधार र कारण खुलाइ उजुर गरेकोमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो अवस्था विद्यमान रहेको देखेमा।

(ग) उजुर परेमा वा नपरेमा पनि कुनै कम्पनीको नामले भ्रम सिर्जनागर्ने देखेमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो अवस्था विद्यमान रहेकोमा,

(घ) कम्पनीको नामले गलत अर्थ लाग्ने वा भ्रमपूर्ण जानकारी वा आशय प्रकट गर्ने अवस्था भएमा,

(२) उपदफा (१) बमोजिम कार्यालयले आदेश दिएकोमा ३५ दिनभित्र सम्बन्धित कम्पनीले आफ्नो नाम परिवर्तन गर्नुपर्नेछ।

(३) कम्पनीको नाम दर्ता गर्दा सामान्यतया ध्यान दिनुपर्ने विषयहरू अनुसूची ३ मा दिइएको छ।

२३. नाम संशोधन स्वीकृतिको लागि निवेदन दिनुपर्नेः (१) कम्पनीले नाम संशोधन गर्न चाहेमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी वा साधारण सभा नगर्ने प्राइभेट कम्पनीको हकमा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्था बमोजिम निर्णय गरी कार्यालयमा पूर्व स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयमा दिइने निवेदनमा नाम संशोधन गर्नुपर्नाको कारण समेत खुलाउनु पर्नेछ।

(३) प्रस्तावित नाम ऐन तथा निर्देशिकाको विपरीत नभएमा कार्यालयले नाम संशोधन गर्न स्वीकृति दिनेछ।

(४) उपदफा (३) बमोजिम नाम संशोधनको स्वीकृति दिएकोमा कार्यालयले सो व्यहोरा दर्ता किताबमा जनाई कम्पनीलाई नयाँ दर्ता प्रमाणपत्र जारी गर्नेछ। यसरी नयाँ प्रमाणपत्र जारी गर्दा प्रमाणपत्रको अन्त्यमा साविकको नामसमेत उल्लेख गर्नुपर्नेछ।

(५) नाम संशोधन भएको वा सच्याइएको व्यहोरा अभिलेख गरी कार्यालयले लिखित जानकारी दिएपछि मात्र नाम संशोधन भएको मानिनेछ।

(६) नाम परिवर्तन भएको कारणले मात्र कुनै कम्पनीको हक, अधिकार, कर्तव्य वा दायित्वमा कुनै असर पर्नेछैन।

२४. नाम संशोधन स्वीकृतिको लागि पेश गर्नुपर्ने कागजातहरूः दफा २३ बमोजिम नाम संशोधनको लागि कार्यालयमा दिने निवेदनसाथ देहायका कागजातहरू संलग्न भएको हुनुपर्नेछः–

(क) साधारणसभाबाट पारित भएको विशेष प्रस्ताव वा साधारण सभा नगर्ने प्राइभेट कम्पनीको हकमा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्था बमोजिम गरिएको निर्णयको प्रतिलिपि– एक प्रति

(ख) संशोधनको प्रस्ताव भएको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि–दुई प्रति

(ग) कम्पनीको दर्ता प्रमाणपत्र।

२५. प्रबन्धपत्र र नियमावली संशोधन गरिएकोमा पेश गर्नुपर्ने कागजातहरूः कम्पनीको नाम बाहेक प्रबन्धपत्र र नियमावलीका अन्य व्यवस्थाहरू संशोधन गरेकोमा सो सम्बन्धी जानकारी दिनको लागि देहायका कागजातहरू कार्यालयमा पेश गर्नुपर्नेछः–

(क) साधारणसभाबाट पारित भएको संशोधनको विशेष प्रस्ताव वा साधारण सभा नगर्ने कम्पनीको हकमा कम्पनीको नियमावली वा सर्वसम्मत सम्झौतामा भएको व्यवस्था बमोजिम गरिएको निर्णयको प्रतिलिपि– एक प्रति

(ख) संशोधित प्रबन्धपत्र र नियमावली– दुई प्रति

(ग) कुनै कम्पनीको प्रबन्धपत्र वा नियमावलीको कुनै व्यवस्था संशोधन गरेको भए साविकको व्यवस्था, संशोधित व्यवस्था र संशोधन गर्नु परेको कारण खुलाई तयार गरिएको तीन महले कागज।

तर कुनै कम्पनीको साधारण सभाले तत्काल कायम रहेको प्रबन्धपत्र वा नियमावलीलाई पूरै खारेज गरी सोको सट्टा नयाँ प्रबन्धपत्र वा नियमावली लागू गर्ने निर्णय गरेमा यस्तो तीन महले पेश गर्नुपर्ने छैन।

२६. ऐनको पालना गरेको उदघोषण गर्नुपर्नेः पब्लिक कम्पनीले विवरणपत्र प्रकाशन गर्नु अगाडि यस कार्यालयमा विवरणपत्र दर्ताका लागि दिने निवेदनसाथ कम्पनीका सञ्चालकले ऐन तथा यस निर्देशिकाका व्यवस्थाहरू पालना गरेका छौं भनी लिखितरुपमा उदघोषण गर्नुपर्नेछ ।

२७. सरोकारवाला व्यक्तिः ऐनको दफा २५ को प्रयोजनको लागि "सरोकारवाला व्यक्ति" भन्नाले देहायको कुनै व्यक्ति सम्झनुपर्छः

(क) त्यस्तो कम्पनीको साहु, वा

(ख) त्यस्तो कम्पनीको शेयरधनीको हकवाला, वा

(ग) त्यस्तो कम्पनीको लेखापरीक्षक, वा

(घ) आफ्नो सरोकार रहेको तथ्य स्थापित गर्ने अन्य कुनै व्यक्ति ।

२८. प्रतिलिपि दस्तुरः (१) प्रबन्धपत्र, नियमावली लगायत कम्पनीका अन्य लिखतहरूको प्रतिलिपि शेयरधनी वा अन्य सरोकारवाला पक्षलाई उपलब्ध गराउँदा कम्पनीले सो वापत लिने दस्तुर सो प्रतिलिपि उपलब्ध गराउँदा हुने वास्तविक खर्चमा आधारित हुनुपर्नेछ ।

(२) कार्यालयबाट उपदफा (१) बमोजिम लिखितहरूका प्रतिलिपि उपलब्ध गराउँदा प्रति पृष्ठ दश रुपैयाँ तोकिएको छ।

## परिच्छेद–४

## शेयर र डिवेञ्चर

२९. फरक अधिकार भएका शेयरः (१) कम्पनीले प्रबन्धपत्र र नियमावलीमा व्यवस्था गरेर मात्र फरक–फरक अधिकार रहने गरी बिभिन्न वर्गका शेयरहरू जारी गर्न सक्नेछ । ऐनको दफा ३० को प्रयोजनको लागि निम्न विषयहरूमा फरक–फरक अधिकार रहने गरी जारी गरिएका शेयरहरूलाई फरक–फरक अधिकार भएको शेयर मान्न सकिन्छः–

(क) कम्पनीको मुनाफाबाट लाभांश प्राप्त गर्ने अधिकारः शेयरको अंकित मूल्यको निश्चित प्रतिशत लाभांश प्राप्त गर्ने वा कम्पनीको मुनाफाको आधारमा लाभांश प्राप्त गर्ने कुरा, निश्चित लाभांश प्राप्त गरेपछि पनि अन्य शेयरधनी सरह बाँकी रहेको मुनाफाबाट लाभांश प्राप्त गर्ने वा नगर्ने कुरा, लाभांश संचय हुँदै जाने वा नजाने कुरा, कुनै प्रकारका शेयरमा पनि लाभांश प्राप्त गर्ने प्राथमिकता क्रमको कुरा, साधारण शेयरधनीहरूको बीचमा पनि त्यस्तो प्राथमिकताक्रम रहने वा नरहने कुरा आदि ।

(ख) शेयरधनीहरूको साधारण सभामा मतदान गर्ने अधिकारः मताधिकार हुने वा नहुने कुरा, मताधिकार हुने भए सबै विषयमा मताधिकार हुने वा केही निश्चित विषयमा मात्र मताधिकार हुने कुरा, शेयर स्वामित्वको कुन अनुपातमा मताधिकार रहने हो सो कुरा आदि ।

(ग) कम्पनीको दायित्वको रकम फछ्र्यौट गरी बाँकी रहेको रकम फिर्ता पाउने प्राथमिकता क्रमः कम्पनी खारेज हुँदा कम्पनीको सम्पूर्ण दायित्व भुक्तानी गरी बाँकी रहेको रकमबाट हिस्सा प्राप्त गर्ने अधिकारको कुरा आदि ।

(घ) सञ्चालकको नियुक्ति गर्दा मताधिकार प्रयोग गर्न पाउने वा नपाउने कुरा र मताधिकार प्रयोग गर्न पाउने भए कति शेयरको कति मत प्राप्त हुने भन्ने कुरा ।

उदाहरणः

(क) साधारण शेयरमा पनि फरक–फरक अधिकार रहने गरी कम्पनीले फरक वर्गका साधारण शेयरहरू सिर्जना गरी जारी गर्न सक्छ ।

जस्तैः

– 'क' वर्गको साधारण शेयर– कम्पनीको मुनाफाबाट लाभांश पाउने, सबै विषयहरूमा मताधिकार हुने, कम्पनी खारेजी वा विघटन हुँदा बाँकी रहेको हिस्साबाट आफ्नो शेयर स्वामित्वको आधारमा पूँजी रकम फिर्ता पाउने ।

– 'ख' वर्गको साधारण शेयर–कम्पनीको मुनाफाबाट निश्चित प्रतिशत मात्र लभांश पाउने (जस्तैः २० प्रतिशत मात्र), निश्चित अनुपातमा मताधिकार प्रयोग गर्न पाउने (जस्तैः प्रत्येक १० शेयरको एक मत), कम्पनी खारेजी वा विघटन हुँदा बाँकी रहेको हिस्साबाट आफ्नो शेयर स्वामित्वको प्रतिशतको आधारमा पूँजी रकम फिर्ता पाउने ।

– 'ग' वर्गको साधारण शेयर– अन्य सबै अधिकारहरू भएको तर सञ्चालक समितिमा प्रतिनिधित्व गर्न वा सञ्चालकको निर्वाचनमा मतदान गर्न पाउने अधिकार नभएको ।

(ख) फरक–फरक अधिकार रहने गरी अग्राधिकार शेयरमा पनि कम्पनीले फरक वर्गको शेयर सिर्जना गर्न सक्छ ।

जस्तैः 'क'वर्गको अग्राधिकार शेयर– साधारण शेयर भन्दा अगाडि निश्चित प्रतिशत प्राप्त गर्ने र कुनै एक वर्षमा कम्पनी नोक्सानीमा परी लाभांश भुक्तानी हुन नसके त्यसपछिका वर्षहरूमा जोडिदै जाने । (जस्तैः आर्थिक वर्ष २०६१/६२ मा कम्पनी घाटामा गएकोले लाभांश वितरण हुन नसकेकोमा आर्थिक वर्ष २०६१/६२ मा प्राप्त हुनुपर्ने लाभांशको रकम पनि त्यसपछिका वर्षको मुनाफाबाट लिन पाउने), कुनै पनि विषयमा मताधिकार नभएको शेयर र कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार नभएको ।

– 'ख' वर्गको अग्राधिकार शेयर– साधारण शेयरभन्दा अगाडि निश्चित प्रतिशत लाभांश प्राप्त गर्ने तर कुनै वर्षमा कम्पनी नोकसानीमा परी लाभांश भुक्तानी हुन नसके उक्त लाभांशको रकम पछिल्ला वर्षहरूमा लाभांशमा नजोडिने (जस्तैः आर्थिक वर्ष २०६१/६२ मा नोक्सान भए लाभांश नपाउने र सो वर्षको लाभांश त्यसपछिका वर्षमा मुनाफाबाट लिने नपाउने), अग्राधिकारसम्बन्धी शेयरको विषयमा मात्र मताधिकार भएको ।

– 'ग' वर्गको अग्राधिकार शेयर– साधारण शेयर भन्दा अगाडि निश्चित प्रतिशत लाभांश प्राप्त गर्ने, सबै विषयमा मताधिकार रहेको, साधारण शेयरमा परिणत हुन सक्ने, कम्पनीको इच्छा अनुसार निश्चित अवधिभित्र फिर्ता गर्न नसकिने र कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार भएको आदि ।

नोटःमाथि दिएको वर्गीकरण केवल उदाहरण मात्र हो,यसै अनुसार शेयरको वर्ग विभाजन गर्नु जरुरी हुने छैन ।

(२) कम्पनी संस्थापना भए पछि फरक–फरक अधिकार रहने गरी बिभिन्न वर्गका शेयर जारी गर्न चाहने कम्पनीको सोही अनुसार आफ्नो प्रबन्धपत्र र नियमावली संशोधन गर्नु पर्दछ । आफ्नो प्रबन्धपत्र र नियमावलीमा व्यवस्था नगरी फरक–फरक अधिकार रहने गरी शेयरहरू जारी गर्न हुँदैन ।

३०. खास वर्गका शेयरधनीहरूको साधारण सभाः(१) फरक–फरक अधिकार रहने गरी शेयर जारी गरेकोमा त्यस्तो वर्गका शेयरधनीहरूको अधिकारमा कुनै हेरफेर गर्नुपरेमा सम्बन्धित वर्गका शेयरधनीहरूको मात्र साधारण सभा बोलाउनुपर्छ ।

(२) उपदफा (१) बमोजिम बोलाइने साधारणसभाका सूचना दिने, साधारण सभा गर्ने स्थान, शेयरधनीको गणपूरक सङ्ख्या आदिका सम्बन्धमा कम्पनीको साधारण सभा बोलाउँदा अबलम्बन गर्नुपर्ने कार्यविधि सम्बन्धमा लागू हुने ऐनका व्यवस्थाहरू आवश्यक हेरफेर सहित लागू हुनेछन् ।

३१. सेवाको करार बापत बाँडफाँड भएको शेयरः (१) कुनै कम्पनीले कुनै व्यक्तिबाट सेवा प्राप्त गरेकोमा सो सेवाको प्रतिफलको रुपमा सेवा प्रदान गर्ने व्यक्तिलाई कम्पनीको शेयर प्रदान गर्न सक्नेछ ।

उदाहरणः कुनै कम्पनीले आफ्नो भवन निर्माणको डिजाइन तयार गर्ने आर्किटेक्चरलाई निजले प्रदान गरेको सेवा बापत कम्पनी र निज आर्किटेक्चर बीच भएको सेवा करारमा निर्धारित रकम बराबर मूल्यको शेयर जारी गर्न सक्छ ।

(२) परामर्श सेवा लगायतका कुनैपनि सेवाका प्रतिफल स्वरुप शेयर जारी गरिने भए यस बारेमा लिखित करार भएको हुनुपर्नेछ र उक्त सेवा करारमा सेवाको प्रतिफल कति हुने र सो बापत कति शेयर जारी गर्ने भन्ने बारेमा स्पष्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करार अनुसार जारी गरिएका शेयरको मूल्य कति हदसम्म चुक्ता भएको मानिने हो सो कुरा उपदफा (२) बमोजिमको करारमा स्पष्टरुपमा खुलाएको हुनुपर्नेछ ।

▪ ३१क. जारी पुँजी बराबरको शेयर बाँडफाँड गर्नुपर्नेः ऐनको दफा ३१ बमोजिम पेश गरिने शेयरको विवरणमा कम्पनीको जारी पुँजी बराबरको शेयर बाँडफाँडको विवरण उल्लेख गर्नु पर्नेछ । त्यस्तो विवरणमा जारी पुँजीको कति प्रतिशत तत्काल चुक्ता भएको हो सो उल्लेख गरी शेयर बापतको चुक्ता हुन बाँकी रकम समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३२. पब्लिक कम्पनीले मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेः (१) पब्लिक कम्पनी संस्थापना भएपछि त्यस्तो कम्पनीले शेयरको मूल्य नगदमा बाहेक अन्य कुनै तवरले पूर्ण वा आंशिक रुपमा भुक्तानी हुनेगरी शेयर जारी गरेकोमा कम्पनीले सो बापत प्राप्त गरेको सम्पत्तिको ऐन बमोजिम मूल्याङ्कन गर्नुपर्नेछ ।

---

▪ दफा (३१क) पहिलो संसोधनद्वारा थपिएको।

(२) उपदफा (१) बमोजिम कम्पनीले प्राप्त गरेको सम्पत्तिको मूल्याङ्कन प्रतिवेदन तयार गरी शेयर प्रदान गरिएको मितिले एक महिना भित्र कार्यालयमा पेश गर्नुपर्नेछ।

(३) पब्लिक कम्पनी संस्थापना गर्दाको अवस्थामा नै सर्वसाधारणमा जारी गरिने शेयर पूँजी धितोपत्र खरिद नियमावली, २०६५ को संशोधित नियम ७ बमोजिमको सर्वसाधारणमा जारी गरिने शेयर पूँजीको प्रतिशत कम्पनीको प्रबन्धपत्रमा नै उल्लेखित गर्नुपर्नेछ।

३३. सम्पत्तिको मूल्याङ्कन हुनुपर्नेः कुनै कम्पनीले आफ्ना संस्थापक, सञ्चालक, पदाधिकारी वा आधारभूत शेयरधनी वा निजहरूको नजिकको नातेदारबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गरेको भए ऐनको दफा १८ को उपदफा (३) र (४) मा गरिएको व्यवस्था बमोजिम मूल्याङ्कन गरेको हुनुपर्नेछ।

३४. शेयर विक्री वा धितोबन्धक राख्नमा प्रतिबन्धः (१) कर्मचारीहरूलाई शेयर विक्री गर्ने योजना अन्तरगत कम्पनीको शेयर खरीद गरेका कर्मचारी वा त्यस्ता योजना अन्तरगत शेयर खरीद गरी सकेका तर तत्काल कम्पनीको सेवामा नरहेका कर्मचारीहरूले आफ्नो स्वामित्वको शेयर त्यस्तो कम्पनीको अन्य कुनै बहालबाला कर्मचारी, कम्पनीका भूतपूर्व कर्मचारी वा कम्पनीका तत्काल कायम रहेका शेयरधनी बाहेक अरुलाई विक्री गर्न वा धितोबन्धक राख्न परेमा सञ्चालक समितिको स्वीकृति लिनुपर्नेछ। सञ्चालक समितिको स्वीकृति नलिई त्यस्तो शेयर अन्य व्यक्तिलाई विक्री गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अंश, अपुताली परेको हकवाला वा शेषपछिको बकसपत्रमा इच्छाएको व्यक्तिले त्यस्तो कर्मचारीको स्वामित्वको शेयरमा हक प्राप्त गर्न सक्नेछ र यसको लागि सञ्चालक समितिको पूर्ण स्वीकृति आवश्यक पर्नेछैन।

३५. शेयरमा रहेको हकसम्बन्धी जानकारीः (१) कुनै संगठित संस्थाले कुनै कम्पनीको पूर्ण मताधिकार प्राप्त शेयरहरू खरीद गरेको भए त्यसरी शेयर खरीद गर्ने संगठित संस्थामा रहेका शेयरधनी वा सदस्यहरूको विवरण र त्यस्ता प्रत्येक शेयरधनीको उक्त संगठित संस्थामा रहेको शेयर स्वामित्वको बारेमा कम्पनीले जानकारी माग गरेमा तीस दिनभित्र सो सम्बन्धी सम्पूर्ण जानकारी उपलब्ध गराउनु त्यस्तो संगठित संस्थाको कर्तव्य हुनेछ।

(२) कुनै प्राकृतिक व्यक्ति कुनै कम्पनीको शेयरधनी छ भने त्यस्तो कम्पनीले ऐनको दफा ४७ को उपदफा (१) बमोजिम जानकारी माग गरेकोमा निजको नाममा दर्ता भएको पूर्ण मताधिकार प्राप्त शेयरहरूमा कुनै संगठित संस्थाको लगानी रहेको वा त्यस्तो शेयरमा कुनै संगठित संस्था हितग्राही (बेनिफिशरी) भए त्यस्तो संगठित संस्थाको पहिचान, हकको प्रकृति तथा त्यस्तो संगठित संस्थामा रहेका शेयरधनी वा सदस्यहरूको विवरण तथा त्यस्ता प्रत्येक शेयरधनीको उक्त संगठित संस्थामा रहेको शेयर स्वामित्वको वारेमा समेत त्यस्तो प्राकृतिक व्यक्ति शेयरधनीले उपदफा (१) बमोजिमको म्यादभित्र कम्पनीलाई जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त जानकारीसमेत कम्पनीले ऐनको दफा ४७ को उपदफा (२) बमोजिम शेयर दर्ता किताबमा अभिलेख गरी सात दिनभित्र सो सम्बन्धी जानकारी कार्यालयमा पठाउनु पर्नेछ।

३६. <u>सञ्चालकले रणनीति तयार गर्नुपर्नेः</u> (१) ऐनको दफा ६० को उपदफा (१) को प्रयोजनको लाग देहायको कुनै अवस्था विद्यमान रहेमा सञ्चालकलाई कम्पनीको खुद सम्पत्ति घट्न गएको व्यहोरा जानकारीमा आएको मानिनेछः

(क) कुनै खास घट्ना घटेको कारणले कम्पनीको खुद सम्पत्ति घट्न गई त्यस्तो अवस्था सिर्जना भएको भए त्यस्तो घट्ना घटेको मितिबाट नै कम्पनीको दैनिक कार्य सञ्चालनमा संलग्न सञ्चालकलाई सोको जानकारी रहेको मानिनेछ।

(ख) कम्पनीको व्यवस्थापनले कम्पनीको खुद सम्पत्ति घट्न गएको बारे प्रतिवेदन तयार गरी सञ्चालक समितिको अध्यक्षलाई वैठक बोलाउन अनुरोध गरेकोमा निज अध्यक्षलाई सोही मितिबाट सोको जानकारी भएको मानिनेछ ।तर सञ्चालक समितिको अध्यक्ष कम्पनीको दैनिक कार्य सञ्चालनमा संलग्न रहेको भएमा खण्ड (क) मा उल्लेखित समयमा नै कम्पनीको खुद सम्पत्ति घटेको कुरा निजको जानकारीमा आएको मानिनेछ ।

(ग) सञ्चालक समितिको वैठक बोलाउने सूचनाका साथमा व्यवस्थापनको प्रतिवेदन पनि संलग्न गरी पठाइएको भए प्रत्येक सञ्चालकलाई सो सूचना प्राप्त गरेको मितिबाट निजलाई सोको जानकारी प्राप्त भएको मानिनेछ।

(घ) सञ्चालक समितिको वैठक बोलाउने सूचनामा व्यवस्थापनले तयार गरेको प्रतिवेदन संलग्न नभएको भए सञ्चालक समितिको वैठक बसेको दिनबाट सञ्चालकहरूलाई सोको जानकारी प्राप्त भएको मानिनेछ।

(ङ) कुनै लिखत वा कागजात (जस्तैः वासलात) बाट कम्पनीको खुद सम्पत्ति घटेको देखिएमा सो लिखत सञ्चालक समितिमा प्रस्तुत भएको मितिबाट सञ्चालकलाई सोको जानकारी भएको मानिन्छ।

(२) माथि उपदफा (१) को खण्ड (क) देखि खण्ड (ङ) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि अन्य कुनै प्रमाण वा लिखतले सञ्चालकलाई कम्पनीको खुद सम्पत्ति घटेको कुराको जानकारी भएको पुष्टि गरेको भए सोही मितिबाट सो व्यहोरा निजको जानकारीमा आएको मानिनेछ।

(३) ऐनको दफा ६० को उपदफा (१) प्रयोजनको लागि खुद सम्पत्ति घट्न गएको पब्लिक कम्पनीको सञ्चालकले तयार गर्नुपर्ने "रणनीति" भन्नाले खुद सम्पत्ति घट्न गई आर्थिक संकटमा परेको कम्पनीलाई त्यस्तो स्थितिबाट पार लगाउन सम्बन्धित सञ्चालकहरूले तयार गर्नुपर्ने कुनै आर्थिक कार्यनीति र त्यस्तो कार्यनीति कार्यान्वयन गर्ने सम्बन्धमा बनाएको योजनासमेतलाई सम्झनुपर्छ।

<u>उदाहरणः</u>

कम्पनीको खुद सम्पत्ति घट्न गई गम्भीर आर्थिक संकटमा परेको पब्लिक कम्पनीको सञ्चालकले कम्पनीको अवस्था, व्यवसाय, कारोबारको प्रकृति समेतको आधारमा देहाय बमोजिमको कुनै रणनीति तयार गर्न सक्नेछः

(क) नयाँ शेयर जारी गरी पूँजी बढाउने,

(ख) कम्पनीको साहूहरूको सहमतिमा ऋणको पुनर्संरचना वा
पुनर्तालिकीकरण गर्ने,

(ग) कम्पनीको उद्देश्य परिवर्तन गरी नयाँ कारोबार सुरु गर्ने,

(घ) कम्पनीले सञ्चालन गरी आएको बिभिन्न कारोबारहरूमध्ये नोक्सानीमा गएको कारोबार बन्द गर्ने,

(ङ) कम्पनीलाई अर्को कुनै कम्पनीमा गाभ्ने,

(च) कम्पनी खारेज गर्न दामासाहीको कारबाही चलाउने आदि ।

३७. कारण र आवश्यकता खुलाउनुपर्नेः आफ्नो शेयर आफै खरीद गर्न चाहने कम्पनीले सो सम्बन्धमा साधारण सभामा पेश गर्ने प्रस्तावमा आफ्नो शेयर आफै खरीद गर्नुपर्ने कारण र आवश्यकता स्पष्टरुपमा खुलाएको हुनुपर्नेछ । उदाहरणः

(क) पब्लिक कम्पनीको शेयरहरू ठूलो सङ्ख्यामा शेयर बजारबाट खरीद गरीत्यस्तो कम्पनीको व्यवस्थापन नियन्त्रणमा लिन खोज्ने व्यक्ति (Hostile Bidder) लाई सो कार्य गर्नबाट बञ्चित गर्नका लागि कुनै पब्लिक कम्पनीले आफ्नो शेयर आफै खरीद गर्न सक्छ ।

(ख) अति सानो सङ्ख्यामा छरिएर रहेका शेयर स्वामित्व (Uneconomic Unit) हटाउन पनि कुनै कम्पनीले आफ्नो शेयर आफै खरीद गर्न सक्छ ।

(ग) दुई प्रतिस्पर्धी कम्पनीहरू मध्ये कुनै एक कम्पनीले अर्को कम्पनीको शेयरको ठूलो हिस्सा खरीद गरी त्यस्तो कम्पनीको व्यवस्थापनमा नियन्त्रण गर्न चाहेको अवस्थामा त्यस्तो प्रतिस्पर्धी कम्पनीको एकाधिकार रोक्नका लागि अर्को कम्पनीले आफ्नो शेयर आफै खरीद गर्न सक्छ, आदि ।

३८. संस्थापकले लिएको शेयरको मूल्य चुक्ता भएको प्रमाणः (१) पब्लिक कम्पनीको संस्थापकले लिन कबूल गरेको शेयर बापतको रकम चुक्ता भएको प्रमाण पेश गरेपछि मात्र कार्यालयले त्यस्तो कम्पनीलाई कारोबार प्रारम्भ गर्न स्वीकृति प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाण पेश गर्ने प्रयोजनका लागि देहाय मध्ये कुनै एक प्रमाण पेश गर्नुपर्नेछः

(क) संस्थापकले लिन कबूल गरेको शेयरको रकम बैंक वा वित्तीय संस्थामा जम्मा गरेको भए सोको प्रमाण, वा

(ख) शेयरको मूल्य बापत कम्पनीलाई प्राप्त भएको जायजेथा वा सेवाको मूल्याङ्कन गरिएको कम्पनीको कम्तीमा एक जना सञ्चालक र प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकबाट प्रमाणित विवरण ।

(३) कुनै कम्पनीले चुक्ता पूँजी बृद्धि गरी शेयर अभिलेखको लागि कम्पनी ऐनको दफा ३१बमोजिम विवरण पेश गर्दा लेखापरीक्षण प्रतिवेदन अथवा शेयर पूँजी रकम चुक्ता सम्वन्धमा कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखा परीक्षकद्वारा प्रमाणित गरेको हुनु पर्नेछ ।

३९. प्राइभेट कम्पनीले कारोबार शुरु गर्न स्वीकृति लिन नपर्नेः (१) प्राइभेट कम्पनीले कारोबार सुरु गर्न कार्यालयबाट स्वीकृति लिनु पर्नेछैन । कार्यालयमा दर्ता भएको प्रमाणपत्र पाउनासाथ प्राइभेट कम्पनीले आफ्नो कारोबार सुरु गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास कारोबार गर्न प्रचलित कानून बमोजिम कुनै सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिनुपर्ने भएमा त्यस्तो स्वीकृति लिएपछि मात्र प्राइभेट कम्पनीले आफ्नो कारोबार सुरु गर्न सक्नेछ।

उदाहरणः

ट्राभल एण्ड ट्रेकिङ्ग एजेन्सी व्यवसाय गर्ने प्राइभेट कम्पनीले पर्यटन मन्त्रालयबाट स्वीकृति लिएर मात्र आफ्नो कारोबार सुरु गर्नु पर्दछ।

(३) कुनै प्राइभेट कम्पनीको शेयरधनीले आफुले लिन कबुल गरेको शेयर बापतको रकम दफा ३८ बमोजिम चुक्ता गरेको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।

४०. अग्राधिकार शेयरको लाभांशसम्बन्धी व्यवस्थाः (१) कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा गरिएको व्यवस्थाको अधीनमा रही कुनै आर्थिक वर्षमा कम्पनीले मुनाफा आर्जन गरेको अवस्थामा मात्र त्यस्तो खुद मुनाफाको रकमबाट अग्राधिकार शेयरमा लाभांश वितरण गर्न सकिनेछ। तर कम्पनीको खुद मुनाफा आर्जन गर्न नसकेको आर्थिक वर्षमा अग्राधिकार शेयरधनीलाई लाभांश वा अन्य कुनैपनि व्यहोराले कुनै रकम भुक्तानी गर्न वा वितरण गर्न सकिने छैन।

(२) कम्पनीले प्रत्येक वर्ष लाभांश जोडिदै जाने (क्युमुलेटिभ) अग्राधिकार शेयर जारी गरेको भए त्यस्तो शेयरमा समेत उपदफा (१) मा लेखिएको कुरा लागू हुनेछ। कम्पनीले मुनाफा आर्जन गरेको आर्थिक वर्षमा खुद मुनाफाको रकमबाट मात्र अघिल्ला वर्षहरूमा भुक्तानी गर्नुपर्नेछ।

## परिच्छेद–५

## कम्पनीको सभा

४१. अन्यत्र साधारण सभा गर्न स्वीकृति लिनुपर्नेः (१) प्रत्येक पब्लिक कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालय रहेको जिल्लामा साधारण सभा गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले निर्णय गरी कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्लासँग जोडिएको अधिकांश शेयरधनीलाई पायक पर्ने ठाउँमा साधारण सभा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम साधारण सभा गर्ने सूचना प्रकाशित भएपछि सभा गर्ने भनिएको ठाउँ पायक नपरेको भनी कम्पनीको कूल चुक्ता पूँजीको दश प्रतिशत शेयर खरिद गर्ने शेयरधनीले त्यस्तो सभा हुने दिनभन्दा कम्तीमा वार्षिक साधारण सभाको हकमा चौध दिन अघि र विशेष साधारण सभाको हकमा सात दिन अघि कार्यालयमा निवेदन दिन सक्नेछन्।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदन मनासिव देखेमा कार्यालयले रजिष्टर्ड कार्यालय रहेको जिल्लामा नै साधारण सभा गर्नु भनी निवेदन प्राप्त भएको मितिले सात दिनभित्र कम्पनीलाई निर्देशन दिन सक्नेछ। यसरी

कम्पनीलाई निर्देशन दिन लागेको अवधि ऐन बमोजिम साधारण सभा गरीसक्नु पर्ने अवधिको प्रयोजनको लागि गणना गरिने छैन।

(५) उपदफा (१) र (२) बाहेकका अन्यत्र जिल्लामा साधारण सभा गर्न चाहेमा कम्पनीले कार्यालयमा निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदनमा अन्यत्र जिल्लामा के कस्तो कारणले साधारण सभा गर्ने बाध्यता परेको हो सोको स्पष्ट कारण खुलाइएको र सो कारणले पुष्टि गर्ने लिखित प्रमाणहरू समेत संलग्न भएको हुनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन परेकोमा कार्यालयले सो निवेदनमा खुलाइएको कारण उपयुक्त र मनासिब देखेमा मात्र अन्यत्र जिल्लामा साधारण सभा गर्न स्वीकृति दिनेछ। त्यस्तो स्वीकृति वा अस्वीकृतिको जानकारी उपदफा (५) बमोजिम निवेदन परेको मितिले बढीमा सात दिनभित्र निवेदक कम्पनीलाई दिनुपर्नेछ।

४२. वार्षिक साधारण सभाको सूचनाको साथमा पठाउनुपर्ने कागजातहरूः (१) वार्षिक साधारण सभाको सूचनाको साथमा कम्पनीलाई उपलब्ध गराएको ठेगानामा प्रत्येक शेयरधनीलाई कम्पनीले देहाय बमोजिमको कागजातहरू पठाउनु पर्नेछः

(क) वार्षिक आर्थिक विवरण,

(ख) सञ्चालक समितिको प्रतिवेदन,

(ग) लेखापरीक्षकको प्रतिवेदन,

(घ) साधारण सभामा पेश हुने प्रस्तावहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत कम्पनीले वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको सट्टामा संक्षिप्त आर्थिक विवरण शेयरधनीलाई पठाउन सक्नेछ।

४३. संगठित संस्थाले प्रतिनिधि नियुक्त गर्न पाउनेः (१) प्रचलित कानूनबमोजिम करार गर्न योग्य प्राकृतिक व्यक्तिलाई मात्र साधारण सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ।संगठित संस्था वा अन्य कुनै कृत्रिम व्यक्तिलाई प्रोक्सी नियुक्त गर्न सकिने छैन।

(२) कुनै संगठित संस्था कम्पनीको शेयरधनी रहेछ भने त्यस्तो संगठित संस्थाले उपदफा (१) बमोजिमको प्रोक्सी नियुक्त गर्न पाउने छैन।

(३) कुनै संठित संस्था कुनै कम्पनीको शेयरधनी रहेछ भने त्यस्तो संगठित संस्थाले आफ्नो कुनै पदाधिकारी वा करार गर्न योग्य अन्य व्यक्तिलाई साधारण सभामा उपस्थित हुन र मत प्रयोग गर्न पाउने गरी प्रतिनिधिको रुपमा पठाउन सक्नेछ।

(४) सम्बन्धित संगठित संस्थाको सञ्चालक समितिको निर्णय अनुसार वा प्रतिनिधि नियुक्त गर्न सक्ने गरी सञ्चालक समितिबाट कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गरिएको भए त्यस्तो अधिकार प्राप्त पदाधिकारीले मात्र उपदफा (३) बमोजिम संगठित संस्थाको प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

४४. गणपूरक सङ्ख्याः (१) प्राइभेट कम्पनीको साधारण सभाको गणपूरक सङ्ख्या त्यस्तो कम्पनीको नियमावलीमा लेखिए बमोजिम हुन्छ। साधारण सभामा उपस्थित हुनुपर्ने शेयरधनीहरूको न्यूनतम सङ्ख्या वा प्रतिनिधित्व

हुनुपर्ने बाँडफाँड भएको कूल शेयरको न्यूनतम प्रतिशत वा दुवैको आधारमा प्राइभेट कम्पनीले त्यस्तो गणपूरक सङ्ख्या तोक्न सक्नेछ।

(२) प्रत्येक पब्लिक कम्पनीको साधारण सभाको गणपूरक सङ्ख्या पुग्न देहायका दुई शर्तहरू पूरा भएको हुनु पर्नेछः

(क) त्यस्तो साधारण सभामा बाँडफाँड भएको कूल शेयर सङ्ख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी वा शेयरधनीहरू उपस्थित भएको हुनु पर्नेछ।

(ख) त्यस्तो साधारण सभामा कूल शेयधरनीमध्ये कम्तीमा तीन जना शेयरधनीहरू उपस्थित भएको हुनु पर्नेछ।

(३) पब्लिक कम्पनीले नियमावलीको उपदफा (२) मा उल्लेखित गणपूरक सङ्ख्या भन्दा बढी गणपूरक सङ्ख्या तोक्न सक्नेछ। तर सो भन्दा कम गणपूरक सङ्ख्या तोक्न सकिने छैन।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पब्लिक कम्पनीले संस्थापना गरेको अर्को पब्लिक कम्पनीको साधारण सभामा कूल शेयरधनीहरूमध्ये कम्तीमा तीन जनाको उपस्थिति अनिवार्य हुने छैन।

तर त्यस्तो कम्पनीको साधारण सभामा पनि कम्पनीको बाँडफाँड भएको कूल शेयर सङ्ख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीको उपस्थिति भएको हुनुपर्नेछ।

५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी प्रचलित कानूनबमोजिम संस्थापित सार्वजनिक संस्थान वा विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समितिलाई कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक कम्पनीमा परिणत गरिएको भएमा त्यस्तो कम्पनीको साधारण सभामा कूल शेयरधनीमध्ये कम्तीमा तीन जनाको उपस्थिति अनिवार्य हुने छैन।

तर त्यस्तो कम्पनीको साधारण सभामा पनि कम्पनीको बाँडफाँड भएको कूल शेयर सङ्ख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीको उपस्थिति भएको हुनु पर्नेछ।

(६) कूल सदस्यहरूको पचास प्रतिशत भन्दा बढी सदस्यहरूको उपस्थित नभई मुनाफा वितरण नगर्ने कम्पनीको गणपूरक सङ्ख्या पुगेको मानिने छैन।

४५. <u>प्रतिवेदनमा खुलाउनु पर्नेः</u> (१) कुनै पब्लिक कम्पनीको सञ्चालक वा पदाधिकारीको नजिकको नातेदार, कार्यालय, धितोपत्र बोर्ड, वा त्यस्तो कम्पनीलाई नियमन गर्ने अन्य कुनै नियमनकारी निकायमा कम्तीमा अधिकृत तहमा कायरत रहेको भएमा सो समेत ऐनको १०९ को उपदफा (४) बमोजिम कार्यालयमा पेश गर्नुपर्ने प्रतिवेदनमा खुलाइएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा सो सम्बन्धमा देहायका विवरणहरू खुलाइएको हुनु पर्नेछः

(क) कार्यालय, धितोपत्र बोर्ड वा नियमनकारी निकायमा कार्यरत त्यस्तो कर्मचारी वा पदाधिकारीको नाम, थर, ठेगाना र पदसम्बन्धी कुरा,

(ख) कम्पनीको कुन सञ्चालक वा पदाधिकारीको नजिकको नातेदार हो र निजहरू बीचको के कस्तो नाता सम्बन्ध रहेको हो, सो कुरा र

(ग) कार्यालय, धितोपत्र बोर्ड वा अन्य कुनै नियमनकारी निकायमा उक्त नजिकको नातेदार कार्यरत रहेको हो, सो कुरा।

उदाहरणः

(अ) कुनै बैंक वा वित्तीय संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा कम्पनी सचिवको पति, पत्नी, छोरा वा छोरी, नेपाल राष्ट्र बैंक वा धितोपत्र बोर्ड वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अधिकृत स्तरमा कार्यरत रहेको भए सोको व्यहोरा समेत त्यस्तो बैंक वा वित्तीय संस्थाले ऐनको दफा ७८ र दफा १०९ को उपदफा (४) बमोजिम तयार पारेको प्रतिवेदनमा खुलाइएको हुनु पर्नेछ।

(आ) कुनै पब्लिक कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख वा कम्पनी सचिवको दाजु, भाइ, पति, पत्नी, छोरा वा छोरी कम्पनी रजिष्ट्रारको कार्यालय वा धितोपत्र बोर्डमा अधिकृत स्तरको पदमा कार्यरत रहेको भए सो समेत त्यस्तो कम्पनीको ऐनको दफा १०९ को उपदफा (४) बमोजिम तयार पारेको प्रतिवेदनमा खुलाइएको हुनु पर्नेछ।

४६. प्राइभेट कम्पनीको वार्षिक साधारण सभासम्बन्धी व्यवस्थाः (१) वार्षिक साधारण सभा गर्ने प्राइभेट कम्पनीले नियमावलीमा उल्लेखित म्यादभित्र वार्षिक साधारण सभा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियमावलीमा उल्लेखित म्यादभित्र प्राइभेट कम्पनीको वार्षिक साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ।

४७. विवरण नपठाएमा व्यक्तिगत जिम्मेवारी हुनेः (१) ऐन बमोजिम कार्यालयमा पेश गर्नुपर्ने विवरण, सूचना वा जानकारी म्यादभित्र नबुझाएमा कम्पनीका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा अन्य जिम्मेवार पदाधिकारीलाई व्यक्तिगत रुपमा जरीवाना हुन्छ। सो जरीवानाको रकम कम्पनीले आफ्नो कोषबाट व्यहोर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम व्यहोर्नुपर्ने जरीवानाको रकम जिम्मेवार सञ्चालक वा पदाधिकारीले दामासाहीले व्यहोर्नु पर्नेछ।

(३) विवरण, सूचना वा जानकारीका लागि छुट्टाछुट्टै जरीवाना हुनेछ।

(४) शेयरधनी, सञ्चालक वा पदाधिकारीले कम्पनीलाई उपलब्ध गराउनुपर्ने जानकारी वा सूचना उपलब्ध नगराएको कारणले कम्पनीले त्यस्तो जानकारी वा सूचना कार्यालयमा पेश गर्न नसकेको भए कार्यालयमा बुझाउनुपर्ने दस्तुर सम्बन्धित शेयरधनी, सञ्चालक वा पदाधिकारीले मात्र व्यहोर्नु पर्नेछ।

(५) कम्पनी ऐनको दफा ८१ बमोजिम सम्वन्धित कम्पनी वा सञ्चालक समितिले तिर्नु बुझाउनु पर्ने जरिवाना वा शुल्क प्रचलित कम्प्युटर प्रणालीको कारण वा अन्य कारणले फरक पर्न गएकोमा त्यसरी घटबढ भई फरक पर्न गएको जरिवाना रकम बुझाउने दायित्व सम्वन्धित कम्पनीको हुनेछ।

❖ (६) कम्पनीले ऐनको दफा ८१ वमोजिम विवरण पेश नगरेमा हुने जरिवाना प्रयोजनका लागि चेकलिष्ट उठाउदा कार्यालयको कर्मचारीले जरिवाना घटिवढी नहुने वा सरकारलाई राजश्व रकम हानी नोक्सानी नहुने गरी चेकलिष्ट उठाई जरिवाना असुल गर्नु पर्नेछ ।

❖ (७) उपदफा (६) वमोजिम कम्पनीको जरिवाना रकम निर्धारण गर्दा चेकलिष्ट उठाउने कर्मचारी प्रमुख रुपमा जिम्मेवार हुनेछ । चेकलिष्ट उठाउदा वदनियत देखिएमा वा जानी जानी कम जरिवाना निर्धारण गरेको पाइएमा त्यस्तो कर्मचारीलाई आवश्यक कारवाहीको लागि सम्वन्धित निकायमा सिफारिस गरिने छ ।

❖ (८) कानून वमोजिम कम्पनीले सरकारलाई तिर्न वुझाउन पर्ने जरिवाना वा अन्य राजश्व रकम कुनै कारणले वा भुलवस घटीवढी भएको प्रमाणित हुन आएमा घटी भएमा घटी भए जतिको वांकी तिर्नु वुझाउन पर्ने रकम कार्यालयले सम्वन्धित कम्पनीबाट जहिलेसुकै असुल उपर गर्नेछ ।

❖ (९) कानून वमोजिम तिर्न वुझाउन पर्ने जरिवाना घटाई कम जरिवाना वा कम राजश्व वुझाउने कम्पनीका संचालकलाई कार्यालयले घटी भए जतिको जरिवाना राजश्व वुझाउन निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना नगर्ने कम्पनीको जरिवाना असुल नभए सम्म सम्पूर्ण कारोवार रोक्का गरी सोको सूचना कार्यालयको वेव साईटमा समेत प्रकाशन गर्न सक्नेछ ।

❖ ४७क. त्रुटी सच्चाउन सकिनेः-कम्पनीको संचालक समितिलाई कार्यालयमा पेश भएका कागजातहरुमा त्रुटी भएको छ भन्ने लागेमा कार्यालयमा दाखिला गर्ने जरिवाना वा राजश्व रकम नघट्ने गरी संचालक समितिले निर्णय गरी एक पटकलाई त्यस्तो त्रुटी सच्चाइ पेश गर्न सक्नेछ । यसरी त्रुटी सच्चाइएका कागजातहरु पहिले पेश गरेकै मितिमा दर्ता (अपलोड) भएको मानिनेछ ।

---

❖ दोश्रो संशोधनद्धारा थप

परिच्छेद–६

## सञ्चालक समिति

४८. सञ्चालकको सङ्ख्या तोक्नुपर्नेः प्रत्येक कम्पनीले नियमावलीमा कम्पनीको सञ्चालकहरूको किटानी सङ्ख्या खुलाउनुपर्नेछ। कम्पनीको सञ्चालक समितिमा कम्तीमा यति र बढीमा यति सञ्चालक रहनेछन् भनी उल्लेख गर्न पाइने छैन।

४९. स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्थाः (१) पब्लिक कम्पनीले मात्र स्वतन्त्र सञ्चालक नियुक्ति गर्नुपर्नेछ।

स्पष्टीकरणः यस निर्देशिकाको प्रयोजनका लागि "स्वतन्त्र सञ्चालक" भन्नाले कम्पनीको शेयर खरीद नगरेको र कम्पनीको काम कारोबारमा कुनैपनि किसिमको व्यक्तिगत स्वार्थ नभएको स्वतन्त्र र तटस्थ तेस्रो व्यक्ति सञ्चालकको पदमा नियुक्त भएको भनी सम्झनुपर्छ।

(२) सात जनासम्म सञ्चालक रहने पब्लिक कम्पनी भए सोही सात जनाभित्र कम्तीमा एकजना स्वतन्त्र सञ्चालक नियुक्त हुनुपर्नेछ। आठ वा सोभन्दा बढी सङ्ख्यामा सञ्चालकहरू रहने भए सो सञ्चालक समितिमा कम्तीमा दुई जना स्वतन्त्र सञ्चालकहरूको नियुक्ति भएको हुनुपर्नेछ।

उदाहरणः

कुनै पब्लिक कम्पनीले सात जनाको सञ्चालक समिति गठन गर्ने भए कम्तीमा एक जना स्वतन्त्र सञ्चालक र छ जना शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकहरू हुनुपर्नेछ।

(३) बैंक तथा वित्तीय संस्था बाहेक अन्य पब्लिक कम्पनीमा त्यस्तो कम्पनीको साधारण सभाबाट स्वतन्त्र सञ्चालकको नियुक्ति हुनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम एकजना स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि कम्पनीको सञ्चालक समितिले स्वतन्त्र सञ्चालकमा नियुक्त हुन कम्तीमा तीन गुणा बढी योग्य व्यक्तिहरूको नाम साधारण सभामा प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ। त्यस्तो प्रस्तावमा प्रस्तावित व्यक्तिहरूको व्यक्तिगत विवरण, योग्यता र अनुभव लगायत अन्य सम्बन्धित कुराहरूको बारेमा पनि उल्लेख गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रस्तावित व्यक्तिहरू मध्येबाट साधारण सभाको बहुमतले अनुमोदन गरेको व्यक्ति स्वतन्त्र सञ्चालकको पदमा नियुक्त हुनेछ।

(६) पब्लिक कम्पनीले ऐन बमोजिम स्वतन्त्र सञ्चालकमा नियुक्त हुन अयोग्य नभएको व्यक्तिहरूलाई मात्र स्वतन्त्र सञ्चालकको पदमा नियुक्त हुन आवश्यक पर्ने थप योग्यता सम्बन्धमा नियमावलीमा छुट्टै व्यवस्था गर्न सक्नेछ।

(७) कुनै कम्पनी वा संगठित संस्थाले अर्को पब्लिक कम्पनीको शेयरमा लगानी गरेको भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाको पदाधिकारीहरू वा नियमित पारिश्रमिक लिने सल्लाहकार वा कर्मचारीहरू वा शेयरधनी पब्लिक कम्पनीमा स्वतन्त्र सञ्चालकमा नियुक्त हुन योग्य हुने छैनन्।

(८) स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार तथा दायित्व अन्य सञ्चालक सरह हुनेछ।

५०. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव हुनुपर्नेः (१) ऐनको दफा ८९ को उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि स्वतन्त्र सञ्चालकमा नियुक्त हुन सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने भन्नाले त्यस्तो व्यक्तिले जुन विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको हो सोही विषयसंग सम्बन्धित क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको हुनुपर्छ ।

उदाहरणः

कुनै पब्लिक कम्पनीको स्वतन्त्र सञ्चालकको पदमा नियुक्त हुन योग्य हुनको लागि कुनै व्यक्तिले कानून विषयमा स्नातकोपाधि हासिल गरेको हो भने निजले कानून विषयसँग सम्बन्धित क्षेत्र (जस्तैः कानून व्यवसायीको रुपमा परामर्श सेवा प्रदान गरेको, मुद्दामामिलामा अड्डा अदालतमा बहस पैरवी गरेको वा न्याय सेवामा अधिकृत स्तरको कर्मचारीको रुपमा कार्यरत रहेको वा यस्तै अन्य कार्य) मा नै काम गरी अनुभव हासिल गरेको हुनुपर्दछ ।

५१. समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुन नसक्नेः कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको कुनै व्यक्ति समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालकको पदमा नियुक्त हुन सक्नेछैन ।

तर एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुन सक्नेछ ।

उदाहरणः

(क) बैकिङ कारोबार गर्ने कम्पनीमा सञ्चालकको पदमा बहाल रहेको व्यक्ति अर्को कुनै बैंक वा वित्तीय संस्थामा सञ्चालकको पदमा नियुक्त हुन सक्दैन ।

(ख) साबुन तथा धुलाई सम्बन्धी सामग्री उत्पादन गर्ने कुनै प्राइभेट कम्पनीको आधारभूत शेयरधनी रहेको व्यक्ति साबुन तथा धुलाईसम्बन्धी सामग्री उत्पादन गर्ने अर्को कुनै पब्लिक कम्पनीमा सञ्चालकको पदमा नियुक्त हुन सक्दैन ।

५२. बैकल्पिक सञ्चालक सम्बन्धी व्यवस्थाः (१) संगठित संस्था कम्पनीको शेयरधनी भएकोमा त्यस्तो संगठित संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको अनुपस्थितिमा सञ्चालक समितिको बैठकमा भाग लिन र मतदान गर्न बैकल्पिक सञ्चालकको नियुक्ति गर्न सक्नेछ । तर कुनै प्राकृतिक व्यक्ति सञ्चालकले आफ्नो सट्टामा बैकल्पिक सञ्चालक नियुक्त गर्न पाउने छैन ।

(२) बैकल्पिक सञ्चालकको नियुक्ति गर्ने अधिकार संगठित संस्थालाई मात्र हुनेछ । तर संगठित संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई आफ्नो बैकल्पिक सञ्चालक नियुक्त गर्ने अधिकार हुनेछैन ।

(३) नियुक्त बैकल्पिक सञ्चालक हुने व्यहोराले पूरा कार्यकालसम्म आफ्नो पदमा कायम रहन नसकेमा निजको स्थानमा नयाँ बैकल्पिक सञ्चालक नियुक्त गर्ने अधिकार त्यस्तो बैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थालाई मात्र हुनेछ । त्यस्तो संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकलाई सो अधिकार हुने छैन ।

५३. साधारण सभाबाट सञ्चालकलाई हटाउने कार्यविधिः (१) जम्मा मत सङ्ख्याको कम्तीमा पांच प्रतिशत मतको प्रतिनिधित्व गर्ने कुनै शेयरधनी वा शेयरधनीहरूले कुनै सञ्चालकलाई निजको कार्यकाल समाप्त हुनु अगावै सञ्चालकको पदबाट हटाउन चाहेमा निजलाई पदबाट हटाउनु पर्नाको आधार र कारण स्पष्ट रुपमा खुलाई त्यस्तो प्रस्तावको सूचना साधारण सभा बस्नु भन्दा कम्तीमा तीस दिन अगावै कम्पनीमा पेश गर्नुपर्नेछ ।तर सञ्चालक समिति आफैले त्यस्तो प्रस्ताव राख्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्राप्त भएपछि कम्पनीले त्यस्तो प्रस्तावको सूचना सम्बन्धित सञ्चालकलाई पठाउनुको साथै साधारणसभाको छलफलको विषय (एजेण्डा) मा समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनामा निजलाई सञ्चालकको पदबाट हटाउनु नपर्ने कुनै कारण भए लिखितरुपमा आफ्नो प्रतिवाद पेश गर्नु भनी साधारणसभा हुनुभन्दा कम्तीमा एक्काइस दिन अगावै लिखित जानकारी दिनुपर्नेछ ।

(४) सम्बन्धित सञ्चालकले आफूले लिखित रुपमा पेश गरेको प्रतिवाद शेयरधनीहरूलाई पठाउन अनुरोध गरेमा कम्पनीले त्यस्तो लिखित प्रतिवादको प्रतिलिपि सबै शेयरधनीहरूलाई पठाउनु पर्नेछ ।

तर त्यस्तो प्रतिवाद साधारण सभा हुने दिनभन्दा कम्तीमा दश दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाइएको हुनुपर्नेछ ।

(५) सम्बन्धित सञ्चालकले चाहेमा आफ्नो प्रतिवादको व्यहोरा साधारण सभामा पढेर सुनाउन सक्नेछ र आफ्नो सफाईमा थप कुराहरू भए सो समेत साधारण सभामा राख्न पाउनेछ ।

(६) कम्पनी वा कुनै सरोकारवाला व्यक्तिले दिएको निवेदनबाट सम्बन्धित सञ्चालकले आफ्नो लिखित प्रतिवादमा उल्लेख गरेको व्यहोराबाट निजले आफ्नो प्रतिवाद गर्ने अधिकारको दुरुपयोग गरेको भनी अदालतले निर्णय गरेमा निजले पेश गरेको लिखित प्रतिवाद शेयरधनीलाई पठाउनु पर्नेछैन ।

(७) यस दफामा व्यवस्था गरिएको कार्यविधि पूरा नगरी कुनै सञ्चालकलाई पदबाट हटाइएको भए सो अमान्य हुनेछ ।

५४. नियमित पारिश्रमिकः ऐनको प्रयोजनको लागि नियमित पारिश्रमिक भन्नाले कम्पनीको कुनै सञ्चालक, प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा अन्य पदाधिकारीले कम्पनीलाई सेवा प्रदान गरे बापत कुनै निश्चित अवधिमा (दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक रुपमा) कम्पनीबाट नगदी वा जिन्सीको रुपमा पाउने निश्चित रकम वा पारिश्रमिक भनी सम्झनुपर्छ ।

५५. पदाधिकारीको नियुक्ति सम्बन्धमा स्वार्थ रहेको कुराः ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि कुनै कम्पनीको प्रबन्ध सञ्चालक, कम्पनी सचिव, वा अन्य पदाधिकारीको नियुक्तिको सम्बन्धमा कुनै सञ्चालकको कुनै प्रकारको स्वार्थ रहेको भन्नाले देहायको कुनै अवस्था विद्यमान रहेको भनी सम्झनुपर्छ :

(क) त्यस्तो पदाधिकारी निज सञ्चालकको नजिकको नातेदार रहेको, वा

(ख) त्यस्तो पदाधिकारी निज सञ्चालकको व्यावसायिक साझेदार रहेको, वा

(ग) त्यस्तो पदाधिकारीको नियुक्तिको बारेमा निज सञ्चालकले स्वतन्त्र र तटस्थ रुपमा गर्नुपर्ने निर्णयलाई प्रभावित गर्न सक्ने कुनैपनि अवस्था विद्यमान रहेको।

५६. सञ्चालकले जानकारी गराएको कुराको अभिलेख गर्नुपर्नेः (१) ऐनको दफा ९२ बमोजिम सञ्चालकले कम्पनीलाई लिखित जानकारी गराएका कुराहरू छुट्टै रजिष्टरमा अभिलेख गरी राख्नुपर्नेछ। त्यस्तो अभिलेखमा सम्बन्धित सञ्चालकको के कस्तो विषयमा के कस्तो स्वार्थ रहेको हो सो संक्षिप्त रुपमा खुलाइएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कम्पनीले खडा गरेको रजिष्टर कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नुपर्नेछ। कम्पनीका शेयरधनी वा सरोकारबाला पक्षले निरीक्षण गर्न चाहेमा कम्पनीले त्यस्तो रजिष्टर निरीक्षण गर्न दिनुपर्नेछ।

५७. संचार सम्पर्कको माध्यमद्वारा सञ्चालक समितिको वैठक गर्न सकिनेः (१) प्राइभेट कम्पनीको सञ्चालक समितिको वैठक संचार सम्पर्कको माध्यमद्वारा पनि गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालक समितिको वैठक गर्दा संचार सम्पर्क गरी प्रत्येक सञ्चालकले बोलेका कुरा अन्य सञ्चालकहरूले सुन्न वा पढ्न वा देख्न सक्ने हुनुपर्छ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने सञ्चालक समितिको वैठक सो वैठकको अध्यक्ष उपस्थित रहेको स्थानमा सञ्चालन भएको मानिनेछ।

४) उपदफा (१) बमोजिम सञ्चालक समितिको वैठकको काम कारबाही तथा निर्णयको विवरण तयार गरी सो निर्णय विवरण अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्दछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चालकले आफूलाई वैठकको सूचना प्राप्त नभएको कारण देखाई कुनै सञ्चालक समितिको वैठकमा भाग लिन नपाएको भए त्यस्तो वैठक भएको तीन महिनाभित्र कार्यालयमा उजुरी निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम उजुरी निवेदन परेकोमा कार्यालयले सम्बन्धित कम्पनीलाई बुझी सञ्चालक समितिको वैठकमा निवेदक सञ्चालकले भाग लिन पाए वा नपाएको कुराको यकीन गर्नेछ। निवेदक सञ्चालकलाई त्यस्तो वैठकको सूचना दिएको थियो भन्ने कुरा प्रमाणित गर्ने जिम्मा कम्पनीमा रहनेछ।

(७) उपदफा (६) बमोजिम निवेदक सञ्चालकलाई त्यस्तो वैठकको सूचना दिइएको कुरा प्रमाणित गर्न नसकेमा त्यस्तो वैठकले गरेको निर्णय मान्य हुनेछैन।

५८. लिखित सहमतिद्वारा निर्णय गर्ने प्रक्रियाः कुनै कम्पनीको सञ्चालक समितिको वैठक नबसी लिखित सहमतिद्वारा निर्णय गर्न सकिनेछ। त्यसरी लिखित सहमतिद्वारा निर्णय गर्न देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः

(क) कम्पनी सचिव भएको कम्पनीमा कम्पनी सचिवले र कम्पनी सचिव नभएको कम्पनीमा नियमावलीमा व्यवस्था गरेको पदाधिकारीले छलफलका विषय र प्रस्तावित निर्णयहरू समेत तयार गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम तयार गरिएको प्रस्ताव प्रत्येक सञ्चालकलाई निजहरूले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा पठाउनु पर्नेछ।

(ग) प्रत्येक सञ्चालकले त्यस्तो प्रस्तावित निर्णयमा सही गर्दा आफूले सही गरेको मिति पनि खुलाउनुपर्नेछ।

(घ) सबै सञ्चालकहरूले लिखितरुपमा त्यस्तो प्रस्तावित निर्णयमा सहमति जनाएमा मात्र निर्णय भएको मानिनेछ। त्यस्तो निर्णयमा छुट्टै असहमत राय लेख्न पाइने छैन। सर्वसम्मतीमा निर्णय भएको हुनुपर्नेछ।

(ङ) फरक फरक मितिमा सञ्चालकहरूले सही गरेको भए सबैभन्दा पछिल्लो मितिमा सही गर्ने सञ्चालकले सही गरेको मितिलाई निर्णय भएको मिति मानिनेछ।

## परिच्छेद–७

## कम्पनीको हिसाबकिताब र लेखा

५९. सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्नेः ऐनको म्याद भित्रै ऐन बमोजिम कम्पनी वा कार्यालयमा उपलब्ध गर्नुपर्ने विवरण, सूचना वा जानकारी उपलब्ध नगराएकोले ऐनको दफा ८१ बमोजिम कम्पनीका सञ्चालक, पदाधिकारी वा शेयरधनीले कार्यालयमा जरीवाना तिरेको भए क–कसले जरीवाना बापत कति रकम तिरेको हो, सो समेत ऐनको दफा १०९ को उपदफा (४) बमोजिमको सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्नेछ।

## परिच्छेद–८

## लेखापरीक्षण

६०. कार्यालयले लेखापरीक्षक नियुक्त गर्न सक्नेः (१) देहायका अवस्थाहरूमा कार्यालयले लेखापरीक्षक नियुक्त गर्न सक्नेछः–

(क) कम्पनीको वार्षिक साधारण सभा हुन नसकेमा,

(ख) कम्पनीको वार्षिक साधारण सभा भए तापनि त्यस्तो साधारण सभामा लेखापरीक्षकको नियुक्तिमा सहमति हुन नसकेमा,

(ग) नियुक्त गरिएको लेखापरीक्षक अयोग्य भएमा वा निजको मृत्यु भएमा वा निजले राजीनामा दिएमा वा अन्य कारणले नियुक्त भएको लेखापरीक्षक कुनै कारणले कायम रहन नसकेमा।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था सिर्जना भएमा कम्पनीको सञ्चालक समितिले सो कुरा खुलाई कार्यालयमा लेखापरीक्षक नियुक्तिका लागि लिखितरुपमा अनुरोध गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको लिखित अनुरोधमा सञ्चालक समितिले लेखापरीक्षणमा नियुक्त हुन योग्य कम्तीमा तीनजना व्यक्तिहरूको नाम र निजलाई प्रदान गरिने पारिश्रमिकको व्यहोरा समेत खुलाउनुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको लिखित अनुरोध प्राप्त भएमा कार्यालयले आफूले उपयुक्त ठानेको व्यक्तिलाई लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ । त्यसरी नियुक्त भएको लेखापरीक्षकको पारिश्रमिक सम्बन्धित कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै कम्पनीको लेखापरीक्षक नियुक्त भएकोमा त्यस्तो कम्पनीले लेखापरीक्षकको नियुक्त भएको बारेमा कार्यालयलाई छुट्टै जानकारी दिनुपर्ने छैन ।

(६) कम्पनी ऐन, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा अन्यथा व्यवस्था भएकोमा वाहेक प्राइभेट कम्पनीले कार्यालयमा पेश गर्ने लेखा परीक्षण प्रतिवेदन कम्पनीका सम्पूर्ण शेयरधनीहरू र सञ्चालक समितिका सम्पुर्ण सदस्यले अनुमोदन गरेको अवस्थामा वाहेक त्यस्तो लेखा परीक्षण प्रतिवेदन कम्पनीको साधारण सभाबाट पारित गरेको हुनुपर्नेछ ।

६१. विदेशी कम्पनीमा लेखापरीक्षकको नियुक्तिः कुनै विदेशी मुलुकको कानून अनुसार पब्लिक कम्पनीको रुपमा संस्थापन भई नेपालमा विदेशी कम्पनीको रुपमा दर्ता भएको कम्पनीले एउटै लेखापरीक्षक, निजको साझेदार वा पूर्व साझेदार वा कर्मचारी वा भूतपूर्व कर्मचारीलाई लगातार तीनपटक भन्दा बढी लेखापरीक्षक नियुक्त गर्न सक्नेछैन ।

तर तीन वर्ष पहिलेनै साझेदारीबाट अलग हुने साझेदार वा त्यस्तो लेखापरीक्षकको सेवाबाट अलग भएको कर्मचारीको हकमा यो प्रतिबन्ध लागू हुनेछैन ।

## परिच्छेद–९

## कैफियत तलब र जाँच

६२. कार्यालयबाट भएको जाँच खर्चः (१) कार्यालयबाट निरीक्षक खटाई कम्पनीको काम कारोबारको जाँचबुझ गर्दा भएको खर्च सम्बन्धित कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(२) कम्पनीको काम कारोबारको जाँचबुझ गर्दा कम्पनीका सञ्चालक वा पदाधिकारीले बदनियत, धोखा, जालसाजी वा ठगी गरेको देखिएमा पनि जाँचबुझमा भएको खर्च कार्यालयले कम्पनीबाट नै असूल उपर गर्नेछ । सम्बन्धित सञ्चालक वा पदाधिकारीबाट कम्पनीले उक्त रकम असूल उपर गर्न सक्नेछ ।

६३. जाँचबुझ खर्च निर्धारण गर्नेः (१) कार्यालयबाट भएको जाँचको खर्च निर्धारण गर्दा देहाय बमोजिमका खर्चहरू समावेश हुनेछन् :–

(क) जाँचको काममा खटिएको व्यक्तिको व्यावसायिक अनुभव वा पदीय स्तरको आधारमा कार्यालयले निर्धारण गरेको पारिश्रमिक,

(ख) सम्बन्धित कम्पनीको कार्यकारी प्रमुखले पाउने सरहको खाने बस्ने सुविधा,

(ग) त्यस्तो सुविधाको बारेमा सम्बन्धित कम्पनीमा कुनै व्यवस्था नगरिएको भए खाँदा बस्दा भएको वास्तविक खर्च,

(घ) आवतजावत गर्दा यातायातको छिटो तथा सुगम साधन प्रयोग गर्दा भएको वास्तविक खर्च,

(ङ) प्रतिवेदन तयार गर्दाको वास्तविक खर्च ।

## परिच्छेद–१०

## कम्पनीको स्वेच्छिक खारेजी

६४. कम्पनीको स्वेच्छिक खारेजीः (१) आफ्ना सम्पूर्ण ऋण दायित्वहरू भुक्तानी गर्न कम्पनी सक्षम भएमा शेयरधनीहरूले साधारण सभामा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीको प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा कम्पनी खारेज गर्ने सम्बन्धमा कुनै छुट्टै व्यवस्था गरिएको भए सोही व्यवस्था बमोजिम कम्पनी खारेज गर्न सकिनेछ ।

(३) कम्पनीको प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा देहाय बमोजिमको अवस्थामा कम्पनी खारेज हुने भनी व्यवस्था गरिएको भए त्यस्तो अवस्था पूरा भएमा कम्पनी खारेज गर्न सकिनेछः–

(क) कम्पनी सञ्चालनमा रहने कुनै निश्चित अवधि तोकिएको भए सो अवधि समाप्त भएपछि,

(ख) कुनै निश्चित घट्ना घटेमा कम्पनी खारेज गरिने भनी व्यवस्था गरिएको भए त्यस्तो घट्ना घटेपछि ।

(४) कम्पनीको साधारण सभालाई कम्पनी खारेजीमा जाने निर्णय गर्ने अख्तियार नरहने भए त्यस्तो अख्तियार कसलाई रहने र कुन निर्णय प्रक्रियाबाट कम्पनी खारेजीमा जान सक्ने हो सो समेत कम्पनीको प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा खुलाउनु पर्नेछ ।

५) उपदफा (३) बमोजिम खारेजीमा जाने कम्पनीले पनि प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्था बमोजिम खारेजी सम्बन्धी काम कारबाही गर्नको लागि एक वा एक भन्दा बढी लेखापरीक्षक र लिक्वीडेटर नियुक्ति गर्नुपर्नेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दामासाहीमा परेको कम्पनीको स्वेच्छिक रुपमा खारेज हुन सक्ने छैन । त्यस्तो कम्पनीको खारेजी दामासाहीसम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

६५. सञ्चालकले लिखित उदघोषण गर्नुपर्नेः (१) दफा ६४ बमोजिम खारेजीमा जाने कम्पनीका सबै सञ्चालकहरूले कम्पनीले आफ्नो सम्पूर्ण ऋण तथा दायित्व कम्पनी खारेज गर्ने प्रस्ताव पारित भएको मितिले एक वर्ष भित्रमा चुक्ता गर्न सक्छ भनी लिखित उदघोषण गर्नुपर्नेछ ।

(२) दफा ६४ को उपदफा (१) बमोजिमको लिखित उदघोषण गरेको हुनुपर्नेछ ।

(३) कम्पनीका सम्पूर्ण काम कारोबारको पूर्णरुपमा छानबिन गराएपछि मात्र सञ्चालकहरूले उपदफा (१) बमोजिम लिखित उदघोषण गरेको हुनुपर्नेछ ।

(४) आर्थिक विवरणहरू लेखापरीक्षकबाट लेखापरीक्षण भएको हुनुपर्नेछ । सञ्चालक समितिले लिखित उदघोषण गर्नुभन्दा कम्तीमा पन्ध्र दिन अघिसम्मको कम्पनीको आर्थिक तथा वित्तीय स्थितिको यथार्थ स्थिति देखिने गरी आर्थिक विवरण तयार गरिएको हुनुपर्नेछ ।

परिच्छेद–११

## कम्पनीको दर्ता खारेज

●६६. कम्पनीको दर्ता खारेजः(१) ऐनको दफा १३६ वमोजिम कम्पनीका सवै संस्थापकहरु वा संस्थापकहरु मध्ये कम्पनीको जम्मा शेयर संख्याको सतसठ्ठी प्रतिशत शेयर खरिद गर्न कवुल गर्ने संस्थापकले कम्पनीको कारोवार शुरु गर्न नसकेको कारण देखाई कम्पनीको दर्ता खारेज गरि पाउन स्वयं उपस्थित भई वा अख्तियारवाला मार्फत कार्यालयमा निवेदन दिन सक्नेछन । तर एक पटक संचालनमा आएको र पछी कुनै कारणले कारोवार संचालन गर्न नसकेको कम्पनीको हकमा यो दफा वमाजिमको निवेदन दिन सकिने छैन । त्यस्तो कम्पनीलाई स्वेच्छिक खारेजी वा दामासाहीको प्रक्रियामा लैजानु पर्नेछ ।

(२) एकजना भन्दा बढी संस्थापक भएको कम्पनीका संस्थापकहरुले उपदफा (१) वमोजिमको निवेदन दिदा संस्थापकहरुले लिन कबुल गरेको जम्मा शेयर संख्याको कम्तिमा सत्सठ्ठी प्रतिशत शेयर खरिद गर्न कबुल गर्ने संस्थापकहरुले सहमती गरी निर्णय गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम कार्यालय समक्ष कम्पनीको दर्ता खारेजीको लागि पेश हुने निवेदनमा कार्यालयमा संस्थापक आफै उपस्थित भई वा आफुलाई पायक पर्ने जुनसुकै जिल्लाको स्थानीय तहको प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षको रोहवरमा र विदेशमा भए विदेश स्थित नेपाली राजदुतावास वा कन्सुलर जनरल वा अवैतनिक महावाणिज्यदुत समक्ष उपस्थित भई सनाखत गरेको हुनु पर्नेछ ।

(४) कार्यालयमा उपदफा (१) बमोजिमको निवेदन पेश गर्दा कम्पनीले कुनैपनि रकम कसैलाई पनि तिर्न वुझाउन वांकी छैन र कम्पनीले आफ्नो कारोवार सञ्चालन गरेको छैन भनी संस्थापकहरुले लिखित रुपमा उदघोषण गरेको हुनु पर्नेछ र कम्पनीले कारोबार सञ्चालन नगरेको व्यहोरा समेत रजिष्टर्ड लेखापरिक्षकबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिको निवेदनमा रित पुगेको देखिएमा कार्यालयले पन्ध्र दिनभित्र कम्पनीको दर्ता खारेज गर्न लागेको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी त्यस्तो सूचना कार्यालयमा पनि टांसिनेछ र सम्भव भएसम्म कार्यालयको वेवसाइटमा समेत राखिनेछ ।

● दोश्रो संशोधनद्धारा संशोधित ।

(६) दर्ता खारेज गर्न लागिएको कम्पनीको दर्ता खारेज गर्न नपर्ने कुनै कारण भए उपदफा (५) वमोजिम सूचना प्रकाशित भएको मितिले पैतिस दिनभित्र लिखित रुपमा कार्यालय समक्ष दावी विरोधको निवेदन दिन सकिनेछ। त्यस्तो निवेदन दिंदा आफ्नो दावी विरोधलाई पुष्टी गर्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ।

(७) कम्पनीको दर्ता खारेज सम्वन्धमा कसैको दावी विरोध नपरेमा वा उपदफा (६) वमोजिम दावी विरोधको निवेदन परेकोमा सो निवेदन मनासिव नलागेमा कार्यालयले कम्पनीको दर्ता खारेज गरी दर्ता खारेजीको जानकारी राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ।

६७. दर्ता खारेजका अन्य अवस्था र प्रक्रियाहरूः (१) देहायका अवस्थाहरूमा समेत कार्यालयले कम्पनीको दर्ता खारेज गर्न सक्नेछः–

(क) लगातार तीन आर्थिक वर्षसम्म ऐनको दफा ८० बमोजिमको विवरण पेश नगरेमा वा दफा ८१ बमोजिमको जरीवाना नतिरेमा, वा

(ख) कम्पनी प्रशासनको सिलसिलामा प्राप्त सवुदको आधारमा कम्पनीले आफ्नो कारोबार सञ्चालन गरेको छैन वा कम्पनी सञ्चालनमा छैन भनी कार्यालयलाई विश्वास हुन सक्ने कुनै मनासिव आधार भएमा।

२) उपदफा (१) बमोजिम कुनै कम्पनीको दर्ता खारेज गर्न परेमा सोको कारण खुलाई दर्ता खारेज गर्नु अघि कार्यालयले ऐन बमोजिम सम्बन्धित कम्पनीलाई सूचना दिनेछ।

(३) उपदफा (२) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ। त्यस्तो सूचना कार्यालयमा पनि टाँसिनेछ र सम्भव भएसम्म कार्यालयको वेभसाइट ठेगानामा पनि राखिनेछ।

(४) उपदफा (२) बमोजिम कम्पनीले सूचना प्राप्त गरेको मितिबाट दुई महिना भित्र कम्पनीको दर्ता खारेज हुन नपर्ने कुनै कारण भए सो खुलाई कम्पनीले निवेदन दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले दुई महिना भित्र कम्पनीको दर्ता खारेज हुन नपर्ने कुनै कारण भए सो खुलाई कम्पनीका शेयरधनी, साहू वा अन्य सरोकारवाला पक्षहरूले कार्यालयमा निवेदन दिन सक्नेछन्।

(६) उपदफा (४) र (५) बमोजिम कुनै निवेदन नपरेमा वा निवेदन परेको भए पनि निवेदनमा उल्लेखित कारण मनासिव नभएमा कार्यालयले कम्पनीको दर्ता खारेज गर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दामासाहीसम्बन्धी प्रचलित कानून बमोजिम दामासाहीको कारबाही शुरु भएको वा कारबाही चलिरहेको कम्पनीको दर्ता खारेज गरिने छैन।

६८. दर्ता खारेज खर्चः दफा ६६ र ६७ बमोजिम दर्ता खारेज गर्दा लागेको खर्च सम्बन्धित कम्पनीले व्यहोर्नु पर्नेछ। कम्पनीले त्यस्तो खर्च व्यहोर्न नसक्ने भएमा निवेदक संस्थापक वा सञ्चालकले त्यस्तो खर्चको रकम व्यहोर्नु पर्नेछ।

## परिच्छेद–१२

## विदेशी कम्पनीसम्बन्धी व्यवस्था

६९. विदेशी कम्पनीले व्यवसाय वा कारोबार गरेको नमानिनेः देहायका अवस्थाहरू विद्यमान भएमा कुनै विदेशी कम्पनीले नेपालमा कुनै एजेन्ट, डिष्ट्रिव्युटर आदि नियुक्त गरेको कारणले त्यस्तो विदेशी कम्पनीले नेपालमा कुनै व्यवसाय वा कारोबार सञ्चालन गरेको मानिने छैनः

(क) नेपालमा गरिने सम्पूर्ण कारोबार एजेन्ट वा डिष्ट्रिव्युटरले आफ्नै नाममा सञ्चालन गरेको र नेपालमा विदेशी कम्पनीले उत्पादन गरेको सामान आयात गर्दा आफ्नै नाममा आयात गर्ने गरेको।

(ख) कारोबार स्थल तथा कारोबारमा प्रयोग हुने सम्पूर्ण कागजातहरूमा एजेन्ट वा डिष्ट्रिव्युटरले आफ्नै नाम प्रयोग गरेको।

(ग) विदेशी कम्पनीसँग सम्झौता भए बमोजिमको त्यस्तो विदेशी कम्पनीको ट्रेडमार्क प्रयोग गर्ने भएमा कारोबार स्थल तथा कारोबारमा प्रयोग हुने सम्पूर्ण कागजातहरूमा आफ्नो नाम पनि स्पष्टरुपमा प्रयोग गरेको।

(घ) वस्तु वा सेवाको विक्री मूल्यसम्बन्धी शर्तहरू बाहेक नेपालमा गरिने दैनिक कारोबारको सम्पूर्ण विषयमा निर्णय गर्ने अधिकार सम्बन्धित एजेन्ट वा डिष्ट्रिव्युटरमा नै रहेको।

७०. विदेशी कम्पनीले सम्पर्क कार्यालयको स्थापना गरेको नमानिनेः विदेशी कम्पनीले छुट्टै सम्झौता गरी नेपाल एजेन्सी ऐन, २०१४ बमोजिम दर्ता रहेको रजिष्टर्ड एजेन्टलाई नेपालमा आफ्नो एजेन्ट नियुक्त गरेको कारणले वा विदेशी कम्पनीले नेपालमा बसोबास गर्ने व्यक्तिलाई आफ्नो सल्लाहकार वा कुनै विषयको परामर्शदाता नियुक्त गर्ने गरी सम्झौता गरेको कारणले ऐनको दफा १५४ को प्रयोजनको लागि नेपालमा सम्पर्क कार्यालय स्थापना गरेको वा त्यस्तो प्रयोजनको लागि कुनै व्यक्तिलाई नियुक्त गरेको वा कुनै व्यक्तिको सेवा लिएको मानिने छैन।

७१. विदेशी कम्पनीको सम्पर्क कार्यालयले गर्न पाउने कार्यहरूः नेपालमा दर्ता गरेको सम्पर्क कार्यालयले त्यस्तो विदेशी कम्पनीको तर्फबाट कुनैपनि करार वा सम्झौता वा विदेशी कम्पनीको उत्पादन वा सेवाको बजार प्रबद्धन, बजार विस्तार, विज्ञापन जस्ता कार्यहरू गर्न पाउने छैन। नेपालमा दर्ता रहेको सम्पर्क कार्यालयले देहायको काम कारबाही गर्न सक्नेछन्ः

(क) नेपालमा विदेशी कम्पनीको तर्फबाट सम्पर्क गर्ने, पत्राचार गर्ने।

(ख) नेपालमा रहेको व्यक्तिलाई कम्पनीको उत्पादन तथा सेवा आयात तथा प्रयोग गर्न कुनै सहयोग चाहिएमा त्यस्तो व्यक्तिहरूबाट कुनै रकम नलिई आवश्यक सहयोग गर्ने।

(ग) विदेशी कम्पनीको नेपालमा कुनै एजेन्ट भए त्यस्तो एजेन्टसँग आवश्यक समन्वय गर्ने ।

७२. विदेशी संस्थापकको लिखित प्रमाणित भएको हुनुपर्नेः (१) विदेशी प्राकृतिक व्यक्ति कुनै कम्पनीको संस्थापक भएमा त्यस्तो व्यक्तिले कम्पनी दर्ता निवेदनको साथमा आफ्नो नागरिकता वा राहदानी पेश गर्नुपर्नेछ ।

(२) विदेशी कम्पनी वा संगठित संस्था संस्थापक भएमा त्यस्तो कम्पनी वा निकायको संस्थापनको प्रमाणपत्रको प्रतिलिपि र संस्थापना सम्बन्धी प्रमुख लिखतहरू पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि विदेशी कम्पनीको संस्थापना सम्बन्धी प्रमुख लिखतहरू भन्नाले त्यस्तो विदेशी कम्पनीका देहायका लिखतहरूलाई जनाउँछः-

(क) कम्पनी संस्थापनाको अधिकारपत्र वा संस्थापनाको प्रमाणपत्र,

(ख) प्रबन्धपत्र

(ग) नियमावली ।

(४) विदेशी कम्पनी वा संगठित संस्था संस्थापक भएमा नेपालमा कम्पनी संस्थापना गराउनका लागि त्यस्तो कम्पनी वा निकायबाट अधिकार प्राप्त व्यक्तिको नागरिकता वा राहदानी पनि पेश गर्नुपर्नेछ ।

(५) विदेशी संस्थापकले कार्यालयमा पेश गर्ने नागरिकता, राहदानी, संस्थापना सम्बन्धी मुख्य मुख्य लिखितहरू सम्बन्धित विदेशी मुलुकको कानून बमोजिम प्रमाणित भएको हुनुपर्दछ । सामान्यतयाः त्यस्ता लिखितहरू निम्न निकायमध्ये कुनै एक निकायबाट प्रमाणित भएको हुनुपर्नेछः

(क) उक्त विदेशी मुलुकको कानून अनुसार इजाजतपत्र प्राप्त नोटरी पब्लिक (Notary Public) वा त्यस्तो लिखत प्रमाणित गर्ने अधिकार प्राप्त निकाय ।

(ख) नोटरी पब्लिक नभएको विदेशी मुलुक भए त्यस्तो विदेशी मुलुकको नेपाल स्थित कुटनीतिक नियोग,

(ग) त्यस्तो कुटनीतिक नियोग पनि नभए उक्त विदेशी मुलुकमा रहेको नेपाली कुटनैतिक नियोग ।

७३. विदेशी कम्पनीको लगानीः ऐनको दफा १५५ को खण्ड (छ) को प्रयोजनको लागि नेपालभित्र कारोबार वा व्यवसाय गर्ने विदेशी कम्पनीको "लगानी" भन्नाले त्यस्तो विदेशी कम्पनीले नेपालमा सञ्चालन गर्ने भनिएको कारोबार वा व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने लगानी वा प्रस्तावित खर्चको रकम सम्झनुपर्छ ।

७४. विदेशी कम्पनीको लिखितहरूको नेपाली अनुवादः (१) ऐन बमोजिम नेपालमा शाखा कार्यालय वा सम्पर्क कार्यालय स्थापना गर्न कार्यालयमा पेश गर्नुपर्ने विदेशी कम्पनीका देहायका लिखितहरू नेपाली भाषामा अनुवाद भएको हुनुपर्नेछः

(क) कम्पनी संस्थापनाको अधिकारपत्र वा कम्पनी संस्थापनाको प्रमाणपत्र,

(ख) कम्पनीको प्रबन्धपत्र र

(ग) कम्पनीको नियमावली ।

(२) उपदफा (१) बमोजिम नेपाली भाषामा अनुवादिन लिखतहरू प्रचलित कानून बमोजिम अनुवाद गर्ने प्रमाण प्राप्त व्यक्ति वा निकायको पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम लिखत प्रमाणित गर्ने व्यक्तिले आफूले प्रमाणित गरेको लिखतको नेपाली अनुवाद ठीक साँचो छ भनी लिखत उदघोषण गरेको हुनुपर्नेछ । त्यस्तो लिखत उदघोषण कम्पनी दर्ताको लिखतहरूको साथमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

७५. सम्पर्क कार्यालयबाट शाखा कार्यालयमा परिवर्तनः (१) नेपालमा सम्पर्क कार्यालय स्थापना गरेको विदेशी कम्पनीले शाखा कार्यालय स्थापना गर्न चोहमा ऐन बमोजिम शाखा कार्यालय स्थापना गर्न आवश्यक पर्ने थप लिखतहरू पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम थप लिखतहरू मात्र पेश गर्ने विदेशी कम्पनीले सम्पर्क कार्यालय स्थापना गर्दा पेश गरेका लिखितहरूमा हेरफेर संशोधन भएको भए त्यस्तो संशोधन सहित लिखत पेश गर्नुपर्नेछ वा अद्यावधिक गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम थप लिखतहरू पेश गर्ने विदेशी कम्पनीको सञ्चालक वा निजको प्रतिनिधिले सम्पर्क कार्यालय स्थापना गर्दा पेश गरेका लिखतहरूमा कुनै संशोधन वा हेरफेर भएको छैन, त्यस्ता लिखितहरूमा उल्लेख गरिएका विवरणहरू ठीक साँचो हो भन्ने सम्बन्धमा कम्पनीको तर्फबाट लिखित उदघोषण गरेको हुनुपर्नेछ ।

(४) सम्पर्क कार्यालय बन्द गरी शाखा कार्यालय स्थापना गरेको विदेशी कम्पनी दर्ता भए पछि कार्यालयको दर्ता किताबबाट त्यस्तो सम्पर्क कार्यालयको नाम हटाइनेछ ।

७६. विदेशी कम्पनीको अख्तियारनामाः (१) नेपालमा शाखा कार्यालय वा सम्पर्क कार्यालय दर्ता गराउन चाहने प्रत्येक विदेशी कम्पनीले कम्पनी दर्ताको निमित्त पेश गर्ने निवेदनको साथमा कम्पनीको नाउँमा जारी भएको म्याद, सूचना आदि कम्पनीको तर्फबाट बुझिलिनको लागि कम्पनीबाट अधिकृत गरिएको व्यक्तिको नाममा प्रदान गरिएको अख्तियारनामा पनि पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारनामा त्यस्तो विदेशी कम्पनी संस्थापना भएको वा कम्पनीको प्रधान कार्यालय रहेको मुलुकको कानूनले कुनै ढाँचा निर्धारण गरेको भए सोही ढाँचामा तयार भएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अख्तियारनामा त्यस्तो विदेशी कम्पनी संस्थापना भएको वा कम्पनीको प्रधान कार्यालय रहेको मुलुकको कानून अनुसार इजाजतपत्र प्राप्त नोटरी पब्लिक वा त्यस्तो अख्तियारनामा प्रमाणित गर्ने अधिकारप्राप्त व्यक्ति वा निकायबाट रीतपूर्वक प्रमाणित भएको हुनुपर्नेछ ।

७७. विवरण नपठाएमा विदेशी कम्पनीलाई जरिवाना हुनेः ऐनको दफा ८१ को प्रयोजनको लागि विवरण नपठाएमा विदेशी कम्पनीका सञ्चालक वा पदाधिकारीलाई देहायको आधारमा जरीवाना हुनेछः

(क) नेपालमा कारोबार वा व्यवसाय गर्न शाखा कार्यालय स्थापना गरेको विदेशी कम्पनीले नेपालमा गर्ने प्रस्तावित लगानीको रकम खुलेको भए सो प्रस्तावित रकमलाई नै दफा ८१ को उपदफा (२) को प्रयोजनको लागि चुक्ता पूंजी मानी जरीवाना हुनेछ ।

(ख) खण्ड (क) बमोजिम प्रस्तावित लगानीको रकम नखुलेको भए विदेशी कम्पनीका सञ्चालक वा पदाधिकारीलाई जरीवाना गर्दा दफा ८१ को उपदफा (२) बमोजिम चुक्ता पूँजी एक करोड रुपैयाँ भन्दा बढी भएको कम्पनीका सञ्चालक वा पदाधिकारीलाई हुने सरहको जरीवाना हुनेछ।

(ग) सम्पर्क कार्यालय स्थापना गरेका विदेशी कम्पनीका सञ्चालक वा पदाधिकारीलाई जरीवाना गर्दा ऐनको दफा ८१ को उपदफा (२) बमोजिम चुक्ता पूँजी पच्चीस लाख रुपैयाँ भन्दा बढी र एक करोड रुपैयाँ सम्म भएको कम्पनीका सञ्चालक वा पदाधिकारीलाई हुने सरहको जरीवाना हुनेछ।

७८. बासिन्दा व्यक्तिमात्र अख्तियारप्राप्त व्यक्ति हुन सक्नेः नेपालमा बसोबास गरेको बासिन्दा प्राकृतिक व्यक्तिलाई मात्र विदेशी कम्पनीले अख्तियार प्राप्त व्यक्तिको रुपमा नियुक्त गर्न सक्नेछ। त्यस्तो व्यक्ति नेपाली नागरिक नै हुन जरुरी हुने छैन। तर कुनै कम्पनी वा संगठित संस्थालाई विदेशी कम्पनीका अधिकारप्राप्त व्यक्ति नियुक्त गर्न सकिने छैन।

७९. लेखापरीक्षकबाट प्रमाणित हुनुपर्नेः (१) दर्ता खारेजी वा लिक्विडेशनमा जाने विदेशी कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा ऐनको दफा १५८ को उपदफा (२) बमोजिम नेपालभित्र रहेको कुनै व्यक्ति, संस्था वा सरकारी वा गैरसरकारी निकायलाई तिर्नु बुझाउनु पर्ने कुनै दायित्व नरहेको कुराको लिखत प्रमाण लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्नेछ।

## परिच्छेद–१३

## मुनाफा वितरण नगर्ने कम्पनीसम्बन्धी व्यवस्था

८०. पदाधिकारीको पारिश्रमिक, भत्ता आदिः (१) मुनाफा वितरण नगर्ने कम्पनीको सञ्चालक वा पदाधिकारीले पाउने तलब, वैठक भत्ता र अन्य सुविधा तोक्ने प्रयोजनको लागि कम्पनीले आफ्नो पूँजीगत अवस्था, आर्जन भएको वा हुन सक्ने आम्दानी र मुनाफा तोक्नुपर्ने प्रस्तावित तलब, भत्ता र सुविधा खुलाई कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कम्पनीले कार्यालयमा पेश गर्ने विवरणमा देहायका कुरा समेत खुलाउनु पर्नेछः

(क) प्रचलित कानूनबमोजिम पदाधिकारीहरूको पद वर्गीकरण गरी प्रत्येक तहमा रहने पदाधिकारीको जिम्मेवारी र निजहरूले पाउने तलब, भत्ताको रकम र अन्य सुविधाको न्यूनतम र अधिकतम सीमा,

(ख) पदाधिकारीले पाउने तलब, भत्ता र अन्य सुविधाको आधार र कारण, र

(ग) पदाधिकारीले पाउने तलब, भत्ता र अन्य सुविधाको भुक्तानी गर्ने श्रोत।

(३) कम्पनीको कुनै सदस्य, सञ्चालक र अन्य पदाधिकारीको नजिकको नातेदारलाई कुनै वैतनिक कर्मचारी वा सल्लाहकार नियुक्त गर्दा साधारण सभाको पूर्वस्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम साधारण सभाबाट नियुक्त भएका कर्मचारी वा सल्लाहकारले पाउने तलब तथा सुविधाको बारेमा निजहरूको नियुक्ति भएको मितिले ३५ दिनभित्र कार्यालयलाई लिखतरुपमा जानकारी दिनुपर्नेछ।

८१. मुनाफा वितरण नगर्ने कम्पनीको संस्थापना खर्च र सञ्चालन खर्चः (१) कम्पनीको संस्थापना र सञ्चालन खर्च कम्पनी संस्थापना र सञ्चालन गर्दा भएको वास्तविक खर्च भन्दा बढी हुन सक्नेछैन । त्यस्तो खर्चको रकम बील, भौचर वा अन्य लिखित कागजबाट समर्थित वा प्रमाणित भएको हुनुपर्नेछ ।

(२) कम्पनीको संस्थापनाको कार्य वा कम्पनी सञ्चालनको क्रममा परामर्श सेवा लिएको भए त्यस्तो सेवा बापत कम्पनीले भुक्तानी गर्ने शुल्क उचित हुनुपर्नेछ ।

तर संस्थापक, पदाधिकारी वा सदस्यको नजिकका नातेदारलाई वाहय परामर्श सेवा बापत कुनैपनि शुल्क भुक्तानी गर्न पाइने छैन ।

८२. मुनाफा वितरण गर्ने कम्पनी मुनाफा वितरण नगर्ने कम्पनीमा परिणत हुन सक्ने छैन ।

▪ ८२क. मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्न बाधा कुनै नपर्नेः यस निर्देशिकामा लेखिएको कुनै पनि कुराले ऐन दफा १६६ बमोजिम मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्न कुनै बाधा पर्ने छैन। यस दफाको प्रयोजनको लागि निर्देशिकाको दफा ६ को व्यवस्थाले समेत कुनै बाधा पुर्याउने छैन ।

## परिच्छेद–१४

## विविध

८३. कम्पनी गाभिनेसम्बन्धी थप व्यवस्थाहरू: (१) कम्पनीहरूबीच एक आपसमा गाभिन सम्पन्न भएको सहमतिपत्र (स्कीम अफ एरेन्जमेन्ट) लिखितरुपमा हुनपर्नेछ ।

(२) गाभिने कम्पनीले उपदफा (१) बमोजिम गाभिने सम्बन्धमा सम्झौताको एक प्रति सहित सो सम्बन्धी अन्य सम्पूर्ण जानकारी वा त्यस्ता सम्झौतासंग प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सरोकार राख्ने वा सम्बन्धित देखिने सम्पूर्ण कागजपत्र समेत संलग्न गरी निवेदनको साथ कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) कार्यालयले निवेदन उपर कारबाही गरी निर्णय गर्नु अघि निवेदक कम्पनीलाई लिखतरुपमा सूचना दिई थप जानकारी वा कागजपत्र पेश गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेशबमोजिम कार्यालयले तोकेको म्याद भित्र सम्बन्धित कम्पनीको सञ्चालक वा पदाधिकारीले थप जानकारी वा कागजपत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) कार्यालयले तोकेको वा प्रदान गरेको थप म्याद भित्र सम्बन्धित कम्पनीले उपदफा (३) बमोजिमको थप जानकारी वा कागजपत्र उपलब्ध नगराएमा गाभिनका लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र त्यस उपर थप कारबाही हुनेछैन ।

६) यस दफा बमोजिमआवश्यक सम्पूर्ण जानकारी वा कागजपत्र समावेश गरी दिएको निवेदन उपर कार्यालयले निवेदक कम्पनीलाई अन्य कम्पनीमा गाभिने स्वीकृति दिनु अघि कुनै नयाँ शर्त राख्नुपर्ने भए त्यस्तो शर्त राख्न वा निवेदकले प्रस्तुत गरेको कुनै शर्तमा फेरबदल गर्न लगाउन सक्नेछ ।

---

• दफा (८२क) पहिलो संशोधनद्धारा थपिएको ।

■ ८३क. <u>कम्पनीहरुबीच लगानी र कारोबारमा प्रतिबन्धः-</u> (१) दफा १७६ को प्रयोजनको लागि लगानी मात्र गर्ने मूल उद्देश्य भएको कम्पनी (ईन्भेष्टमेन्ट कम्पनी) बाहेकको अन्य कम्पनीले आफ्नो प्रबन्धपत्रमा उल्लेख भएको उद्देश्य बाहेक अन्य कारोबार गर्ने कम्पनीको धितोपत्रमा लगानी गर्न सक्ने छैन। त्यसैगरी लगानी मात्र गर्ने मूल उद्देश्य भएको कम्पनीले अन्य कम्पनीको शेयर वा डिबेन्चरमा लगानी गर्ने बाहेक अन्य कारोबार गर्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम लगानी नगर्ने कम्पनीले ऐनको दफा १७६ को उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेख भएको छुट उयोग गर्न सक्ने छैन।

(३) अन्य कम्पनीमा गरेको लगानी, वा अन्य कम्पनीलाई दिएको सापटी वा जमानत सम्बनधमा ऐनको दफा १७६ को उपदफा (२) बमोजिम सापटी, लगानी वा जमानतको विवरणको ढांचा नतोकिए सम्म कम्पनी आफैले तयार गरेको ढाँचामा त्यस्तो सापटी, लगानी वा जमानतको विवरण तयार गरी ऐनको दफा ५१ को उपदफा (२) को विवरणको साथ संलग्न गरी कार्यालयमा पठाउनु पर्नेछ।

८४. <u>शेयरधनीलाई लाभांश मात्र वितरण गर्न पाइनेः</u> साधारण सभाबाट स्वीकृत लाभांश बाहेक कम्पनीले आफ्नो कोषमा व्ययभार पर्नेगरी शेयरधनीहरूलाई नगदी वा जिन्सीको रुपमा कुनैपनि रकम भुक्तानी गर्न वा वितरण गर्न सक्नेछैन।

<u>उदाहरणः</u>

कुनैपनि कम्पनीले आफ्नो शेयरधनीहरूलाई साधारणसभामा उपस्थित हुनको लागि भनी यातायात खर्च, साधारण सभा भत्ता वा साधारण सभामा उपस्थित हुने शेयरधनीलाई खाजा खर्च, विशेष भत्ता भनी वा अन्य कुनैपनि नाममा कुनै रकम भुक्तानी गर्ने वा त्यस्तो सुविधा वा सहुलियत दिनु हुँदैन ।

८५. <u>कम्पनी सचिवको नियुक्तिः</u> (१) प्रत्येक पब्लिक कम्पनी र एक करोड रुपैयाँ भन्दा बढी चुक्ता पूँजी भएको प्राइभेट कम्पनीले कम्पनी सचिवको नियुक्ति गर्नुपर्नेछ ।

(२) कम्पनीको सञ्चालक समितिले ऐनबमोजिम कम्पनी सचिवमा नियुक्त हुन योग्यता पुगेको व्यक्तिलाई कम्पनी सचिवमा नियुक्ति गर्नुपर्नेछ ।

(३) कम्पनी सचिव नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम, थर, वतन र योग्यता तथा अनुभवका विवरण कम्पनीले कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) मुनाफा वितरण नगर्ने कम्पनीले कम्पनी सचिव नियुक्त गरेकोमा त्यस्तो कम्पनीले पनि कम्पनी सचिव नियुक्त भएको मितिले पन्ध्र दिनभित्र उपदफा (३) बमोजिमको विवरण कार्यालयमा पेश गर्नुपर्नेछ ।

---

- दफा (८३क) पहिलो संशोधनद्धारा थपिएको ।

८६. परिपालनाको उदघोषणः (१) प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा गर्नुभन्दा कम्तीमा एक्काइस दिन अघिसम्म ऐनको पालना पूर्णरुपमा गरेको भन्ने कुराको लिखित उदघोषण गर्नुपर्नेछ।

(२) प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा एक्काइस दिन अघि कार्यालयमा पेश गर्नुपर्ने प्रतिवेदनमा उपदफा (१) बमोजिमको लिखित उदघोषण पनि समावेश भएको हुनुपर्नेछ।

३) उपदफा (१) बमोजिम तयार पारिएको उदघोषण कम्पनी सचिवद्वारा प्रमाणित गरिएको हुनुपर्दछ।

(४) उपदफा (३) बमोजिम उदघोषण प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र वार्षिक साधारण सभाका विवरणहरूको साथमा कार्यालयमा पठाउनु पर्नेछ।

(५) कम्पनीले ऐनको कुनै व्यवस्था पालना नगरेको भए कम्पनी सचिवले दफा (१) तथा (३) बमोजिमको लिखित उदघोषणमा सो कुरा समेत खुलाउनु पर्नेछ।

(६) कम्पनी सचिवले उपदफा (३) बमोजिम प्रमाणित गरेको लिखित उदघोषण वार्षिक साधारण सभामा शेयरधनीहरूको जानकारीको लागि प्रस्तुत गर्नुपर्नेछ।

८७. मूल कम्पनीको दर्ता खारेजीको परिणामः (१) ऐनको दफा १३६ बमोजिम कुनै सहायक कम्पनीको मूल कम्पनीको रुपमा रहेको कुनै कम्पनीको दर्ता खारेजी तथा त्यस्तो शेयरसँग सम्बन्धित सम्पूर्ण दायित्व मूल कम्पनीमा तत्काल कायम रहेका शेयरधनीहरूमा समानुपातिक रुपमा सर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो मूल कम्पनी दर्ता खारेजीमा परेको व्यहोरा सार्वजनिक जानकारीमा आएपछि त्यस्तो मूल कम्पनीको सहायक कम्पनीले ऐनको दफा १३५ को उपदफा (८) को प्रयोजनको लागि शेयरधनीहरूको दर्ता किताब लगायत अन्य सम्बद्ध अभिलेख अध्यावधिक गर्नुपर्नेछ।

८८.रजिष्टर्ड कार्यालयको सम्पर्क ठेगाना जानकारी गराउनुपर्नेः (१) ऐनको दफा १८४ बमोजिम कम्पनी संस्थापना भएको तीन महिनाभित्र कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयको टेलिफोन, फ्याक्स, इमेल लगायतको सम्पर्क ठेगाना सहित पूर्ण ठेगाना कार्यालयलाई जानकारी दिनुपर्नेछ।

(२) नियमावलीमा गरिएको व्यवस्था अनुरुप कुनै कम्पनीले नेपालभित्र कुनै स्थानमा शाखा कार्यालय स्थापना गरेमा त्यस्तो कार्यालयको ठेगाना कार्यालयलाई जानकारी गराउन जरुरी हुनेछैन।

(३) उपदफा (१) बमोजिम कार्यालयलाई जानकारी दिएको रजिष्टर्ड कार्यालयको सम्पर्क ठेगानाको कुनै विवरण परिवर्तन भएमा सात दिनभित्र कार्यालयलाई जानकारी दिनु पर्नेछ।

४) कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्न परेमा सञ्चालक समितिले निर्णय गर्नुपर्नेछ र नयाँ ठेगानामा कार्यालय सार्नुभन्दा कम्तीमा सात दिन पहिले रजिष्टर्ड कार्यालयको नयाँ ठेगानाको बारेमा कार्यालयलाई जानकारी दिनु पर्ने छ। त्यस्तो जानकारी गराउ‘दा सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्ने छ।

८९. कम्पनी ऐन, २०६३ को दफा २१, ५१, ७८, ८०, र दफा १११ लगायतको कानून बमोजिम कार्यालयलाई बुझाएको सम्पूर्ण कागजात, विवरण, सूचना वा जानकारीहरू जस्तै कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन, शेयर खरिद बिक्री, लगायतका कागजातहरू र सो बमोजिम भए गरेका काम कारवाहीको सम्पूर्ण जवाफदेहीता र उत्तरदायित्व सम्वन्धित कम्पनी र त्यसका सञ्चालकमा रहनेछ।

९०. ऐनको दफा १७६ को प्रतिबधात्मक बाक्यांश बमोजिमका कम्पनीहरूले कम्पनीको चुक्ता पूँजीको ९०% (नब्बे प्रतिशत) र जगेडा पूँजीको (Free reserve १००% (शत प्रतिशत) भन्दा बढी हुने गरी अर्को कम्पनीलाई सापटी दिन वा कुनै अर्को कम्पनीले लिएको ऋण बापत जमानत दिन वा अन्य कम्पनीको धितोपत्रमा लगानी गर्न सक्ने छैन।

९१. कुनै कम्पनीले आफुले प्राप्त गरेको प्रमाणपत्र हराएको वा जलेको वा अन्य कारणले नष्ट भएको वा अन्य कुनै उचित कारणले नयाँ ढाँचाको दर्ता प्रमाणपत्र लिन चाहेमा कम्पनी सञ्चालक समितिको निर्णयको आधारमा रु.१०।– दस्तुर लिई नयाँ  ढाँचाको प्रमाण पत्र दिनेछ।

९२. कम्पनी अध्यादेश २०६२ लागु हुनु अघि दर्ता भएको कुनै कम्पनीले प्रवन्धपत्र तथा नियमावलीको ढाचाँ परिवर्तनको लागि रित पुर्याइ निवेदन दिएमा कार्यालयले स्वीकृति दिन सक्नेछ।

❖ ९२क. **<u>विद्युतीय माध्यमबाट विवरण पठाउन सकिने</u>**:-(१)कार्यालयले कम्पनी दर्ता तथा कम्पनी प्रशासन सम्बन्धी कार्य सम्पन्न भएपछि विद्युतिय हस्ताक्षर गरी त्यस्ता कागजातहरु कम्पनीको ईमेल ठेगाना पठाउन सक्नेछ।

(२) कम्पनी अद्यावधिक सम्बन्धी विवरणको जानकारी दिन कार्यालयले वार कोड समेत भएको रिपोर्ट कार्ड छपाई गरी सर्वसाधारणले कम्पनीको विवरण जुनसुकै स्थानबाट हेर्न, पढन र परिक्षण गर्न सक्ने गरी उपलब्ध गराउन सक्नेछ।

❖ **<u>९२ख. अभौतिकीकरण गर्नुपर्ने</u>**:- (१) कार्यालयले राष्ट्रिय स्तरका पत्रपत्रिका तथा कार्यालयको वेव साईटमा सार्वजनिक सूचना जारी गरी तोकेको मितिबाट कम्पनीहरुले आफ्नो कम्पनीका संचालक तथा शेयरधनीहरुको लगत अभौतिकरण गरी पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अभौतिकरण गर्नुपर्ने तथा विद्युतिय माध्यमको प्रयोगबाट कार्यालयमा पेश गर्नुपर्ने कम्पनीका अन्य विवणहरु पठाउने कार्यमा सहजीकरण गर्नका लागि सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रलाई सेवा केन्द्र खोल्न अनुमति दिन सक्नेछ।

---

❖ दोश्रो संशोधनद्बारा थप।

➢ ९३.

➢ ९४.

९५. विश्वविद्यालय, क्याम्पस वा कुनै शिक्षण संस्थाका विद्यार्थीहरुलाई Intern गराउने गरी कार्यालयले सम्झौता गर्न सक्नेछ ।

❖ ९५क.सेवा प्राप्ति तथा सेवा प्रवाह सम्वन्धी व्यवस्थाः(१)कार्यालयबाट प्रवाह हुने सेवामा सवैको सहज र समानुपातिक पहुंचको लागि आलोपालो वा टोकन प्रणाली लागु गर्न सकिनेछ

(२)कार्यालयबाट सेवा प्राप्त गर्नको लागि कम्पनीका सञ्चालक वा कर्मचारी वा कानून व्यवसायीले सम्वन्धित कम्पनीको लिखित अख्तियारी र प्रतिलिपी सहितको सक्कल परिचयपत्र कार्यालय समक्ष अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

❖ ९५ख.सर्वसाधारणमा शेयर जारी नगरेका पब्लिक लिमिटेड कम्पनीको शेयर हस्तान्तरण सम्वन्धी विशेष व्यवस्थाः कम्पनीको कारोवारको स्वीकृती लिएका तर सर्वसाधारणमा शेयर जारी नगरेका पब्लिक लिमिटेड कम्पनीको संस्थापकहरूको शेयर विक्री तथा अन्य कुनै व्यहोराले कसैलाइ हक हस्तान्तरण गर्नु परेमा संचालक समितिले रित पूर्वक निर्णय गरी कार्यालयबाट स्वीकृती प्राप्त गरेमा हक हस्तान्तरण हुन सक्नेछ । तर हक हस्तान्तरणको जवाफदेहिता कम्पनीको संचालक समितिमा रहनेछ ।

❖ ९५ग. मृत्यु पछि शेयर हक हस्तान्तरण सम्वन्धी व्यवस्थाः(१) कुनै कम्पनीको शेयरधनीको नाममा कायम रहको शेयर पूर्ण वा आंशिक रूपमा दानवकस,अपुताली अंशवण्डा वा खरिद विक्री वाहेक अन्य व्यहोराले हक हस्तान्तरण हुने भएमा सो सम्वन्धी लिखत, हक कायम हुनेको नागरिकता वा राहदानी, संचालक समितिको निर्णय र हक हस्तान्तरणको निवेदन समेत कार्यालयमा पेश गर्नु पर्नेछ । शेयर हक हस्तान्तरण सम्वन्धमा भए गरेको निर्णयको जवाफदेहिता त्यस्तो निर्णय गर्दाका वखत वहाल रहेका संचालक सदस्यमा रहनेछ ।

(२) कम्पनीका संचालक वा शेयरधनीहरुको मृत्यु भएमा पतिको मृत्यु भएमा पत्नीको नाममा र पत्नीको मृत्यु भएमा पतिको नाममा स्वतः शेयर स्वामित्व हस्तान्तरण गर्नु पर्नेछ । जिवित पति वा पत्नीले शेयर स्वामित्व ग्रहण नगरी निजले इच्छाएको कुनै हकवाला वा हकवाला वाहेकका अन्य कोही कसैलाई शेयर स्वामित्व हस्तान्तरण गर्न चाहेमा कुनै प्रकारको दानवकसपत्र गरी हक हस्तान्तरण गर्न सक्नेछन ।

(३) कम्पनीका कुनै संचालक वा शेयरधनीको पति पत्नी दुवैको मृत्यु भएको अवस्थामा प्रचलित कानून वमोजिम नजिकको हकवालाको नाममा शेयर स्वामित्व हस्तान्तरण गर्न सकिनेछ .

(४) एकल शेयरधनी संचालक रहेको वा एकाघर संगोलका एक भन्दा वढी शेयरधनी संचालक रहेको वा भिन्न भिन्न परिवारका एक भन्दा वढी शेयरधनी वा संचालक रहेको कम्पनीका शेयरधनी वा संचालक मध्ये कुनै शेयरधनी संचालक वा सम्पूर्ण शेयरधनी संचालकहरुको मृत्यु भएको अवस्थामा निज मृतक वा मृतकहरुका परिवारका हकवाला वा हकवालाहरुको संलग्नतामा कम्पनीको विशेष साधारणसभा गरी संचालक समिति गठन गर्ने, लेखापरिक्षण गर्ने र शेयर हक हस्तान्तरण गर्ने लगायतका कम्पनी संचालन सम्वन्धी अन्य आवश्यक कार्य गर्न सकिनेछ ।



---

➢ दोश्रो संशोधनद्धारा खारेज

❖ दोश्रो संशोधनद्धारा थप ।

(५) कम्पनीको शेयर हकवालामा हस्तान्तरण गर्दा एक भन्दा वढी हकवालाहरु भएमा सवै हकवालाहरुको मन्जुरीमा कुनै एक जनाको नाममा शेयर हस्तान्तरण गर्न सकिनेछ। हकवालाहरु विच शेयरको हक कायम गर्ने विषयमा सहमती कायम हुन नसकेमा सवै हकवालाहरुको नाममा दामासाहीका दरले शेयरमा हक कायम गर्न सकिनेछ।

(६) मृतक शेयरधनीको मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित, अधिकार प्राप्त निकायको सिफारिस, हकवालाहरुको मंजुरनामा, नागरिकता प्रमाणपत्र र दानवकस पाएको भए दानवकसपत्र समेतका कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी सहित उपस्थित भएमा कम्पनीले त्यस्तो हकवालालाई साधारणसभामा प्रतिनिधित्व गराउनु पर्नेछ।

(७) उपदफा (६) वमोजिमका कागजातका आधारमा कम्पनीको साधारणसभा र संचालक समितिले निर्णय गरेमा मृतक शेयरधनीको नामको शेयर मृतकले इच्छाएको व्यक्ति वा हकवालाहरु मध्ये कुनै एकजना हकवाला वा सवै हकवालाहरुको नाममा दामासाहीले कम्पनीले दाःखा गरी शेयर लगत अभिलेखको लागि कार्यालयमा पेश गर्न सक्नेछ।

❖ ९५घ. <u>विदेशी शेयरधनी संचालकको मृत्यु पछि शेयर हक हस्तान्तरण सम्वन्धी थप व्यवस्थाः(१)</u> नेपाल स्थित कुनै कम्पनीको शेयरधनी रहेको विदेशी नागरिकको मृत्यु भई निजको हकवालाका नाममा शेयर नामसारी हकहस्तान्तरण गर्दा मृतकको आफ्नै देशको सम्वन्धित आधिकारिक निकायबाट जारी भएको मृत्यु दर्ता प्रमाणपत्र,मृतक र हकवालाहरुको राष्ट्रियता खुल्ने नागरिकता वा राहदानी वा राष्ट्रिय परिचयपत्र, मृतक र हकवाला विच नाता खुल्ने नाता प्रमाणित कागजात लगायत अन्य आवश्यक आधिकारिक कागजातहरु विदेश स्थित नेपाली राजदुतावास वा कुटनीतिक नियोग मार्फत प्रमाणित गरी हकवालाको निवेदन सहित सम्वन्धित कम्पनी र कार्यालयमा समेत पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिमका कागजातको आधारमा मृतक विदेशी नागरिकको हकवालाका नाममा कम्पनीले हक हस्तान्तरण गरेको शेयरको अभिलेख राख्नु अगाडी कार्यालयले कम्पनीबाट पेश भएका कागजातहरुको नेपाल स्थित सम्वन्धित देशको राजदुतावास मार्फत आधिकारिता जांच गर्न वा कार्यालयले नै मृतकको सम्वन्धित देशमा कर्मचारी खटाई विदेश स्थित नेपाली राजदुतावास मार्फत आधिकारिता जांचवुझ गर्न गराउन सक्नेछ र जांचवुझको लागि खटिने कर्मचारीले तोकेको समयभित्र कार्यालय समक्ष प्रतिवेदन दिनु पर्नेछ। तर त्यसरी खटिई जाने कर्मचारीको सम्पूर्ण खर्च सम्वन्धित कम्पनीले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिमको जांचवुझको सिलसिलामा हकवालाहरुको दावी विरोधका लागि कार्यालयले राष्ट्रिय स्तरका दुई छुट्टाछुट्टै पत्रिकामा नेपाली र अंग्रेजी दुवै भाषामा पैतिस दिनको समयावधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ।

(४) विदेशी शेयरधनी संचालकको मृत्यु पछि शेयर हक हस्तान्तरणको अभिलेख सम्वन्धी अन्य काम कारवाही कम्पनी ऐन, कम्पनी निर्देशिका र प्रचलित नेपाल कानून अनुसार हुनेछ।

---

❖ दोश्रो संशोधनद्धारा थप

❖ ९५ङ. <u>विवरण पेश गर्नुपर्ने</u>ः कम्पनीको संचालक समितिले शेयर विक्री वितरण वा मृत्यु पश्चात शेयर हक हस्तान्तरणको सम्वन्धमा गरेको निर्णय र सोसंग सम्वन्धित कागजात सहितको विवरण रजिष्ट्रार वा कार्यालय वा कुनै अनुगमनकारी निकाय वा सरोकारवाला निकाय वा विवाद छानविन एवं निरूपण गर्ने निकायले माग गरेका वखत पेश गर्नु पर्नेछ।

❖ ९५च. <u>कैफियत जनाउन सकिनेः</u>(१) कुनै कम्पनीमा ऐनको दफा १७८ को अवस्था विद्यमान भएमा वा कम्पनीका संचालक वा शेयरधनीहरुको विचमा कुनै विवाद भएको सूचना प्राप्त भएमा वा कुनै उजुरी दर्ता हुन आएमा वा कम्पनीले कार्यालयले दिएको निर्देशन उल्लंघन गरेमा कार्यालयले कम्पनीबाट भएको शेयर खरिद विक्रीको कारोवार वा कम्पनीको अन्य कुनैपनि काम कारवाहीको अभिलेख स्वीकार नगर्ने गरी कैफियत (Remarks) जनाई रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम कैफियत (Remarks) मा रहेको कम्पनीको कारोवार वा अदालत वा अनुसन्धान गर्ने कुनै सरकारी निकाय वा अन्य आधिकारिक निकायबाट रोक्का राखिएका कम्पनीको शेयर खरिद विक्री तथा अन्य कारोवार रजिष्ट्रारको आदेशले मात्र फुकुवा हुनेछ।

❖ ९५छ. <u>उजुरीमा कारवाही किनारा रजिष्ट्रारबाट हुनेः</u> (१) कार्यालयमा दर्ता हुन आउने उजुरी उपर कारवाही किनारा रजिष्ट्रारबाट मात्र हुनेछ र त्यस्तो न्यायिक अधिकार अन्य कर्मचारीमा प्रत्यायोजित हुन सक्ने छैन।

(२) कार्यालयमा उजुरी दर्ता भए पश्चात संक्षिप्त कार्यविधी ऐन, २०२८ वमोजिम विपक्षीका नाममा म्याद जारी गरी झिकाई दुवै पक्षका कुरा सुनी निर्णय हुनेछ।

(३)कार्यालयमा दर्ता भएका उजुरी सुनुवाई गर्ने ईजलाश कक्ष रजिष्ट्रारले निर्धारण गरे वमोजिम हुनेछ।

(४) रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले पैतिस दिन भित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न सक्नेछ।

❖ ९५ज. <u>मेलमिलाप कक्ष निर्धारण गर्न सकिनेः(१)</u> यस कार्यालयमा दर्ता भएका उजुरीहरुमा विवादका पक्षहरुका विचमा मेलमिलाप गराउन कार्यालयमा मेलमिलाप कक्ष निर्धारण गरिनेछ।

(२) कम्पनीका विवादित पक्षहरुका विच मेलमिलापको लागि मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न कार्यालयले सूचना जारी गरी कम्पनी प्रशासन सम्वन्धी ज्ञान र अनुभव प्राप्त कानून व्यवसाय गर्न इजाजत प्राप्त कानून व्यवसायी (अभिवक्ता, अधिवक्ता वा वरिष्ठ अधिवक्ता)हरुबाट निवेदन माग गरी मेलमिलापकर्ताहरुको रोष्टर तयार गर्नेछ।

(३) कार्यालयबाट उजुरीमा अन्तिम कारवाही किनारा गर्नु अगाडी रजिष्ट्रारले उपदफा (२) वमोजिमको रोष्टरबाट एक वा एक भन्दा वढी मध्यस्थकर्ता तोकी मेलमिलाप गराउन मेलमिलाप कक्षमा पठाउने आदेश गर्न सक्नेछ र मेलमिलापकर्ताले तोकिएको समयममा मेलमिलाप हुन सक्ने वा नसक्ने व्यहोराको प्रतिवेदन दिनु पर्नेछ।

(४) मेलमिलापको लागि तोकिएको मध्यस्थकर्ताको पारिश्रमिक मध्यस्थकर्ता र विवादका पक्षहरुको आपसी सहमतीबाट लिनुदिनु गर्न सक्नेछन।

---

❖ दोश्रो संशोधनद्धारा थप

❖ ९५झ. **<u>अभिलेख वदर गर्न सकिने</u>:** कम्पनीको शेयर विक्री वितरण वा मृत्यु पछिको नामसारी वा हकहस्तान्तरण सम्वन्धमा कम्पनीले कार्यालय समक्ष पेश गरेका कागजातको आधिकारिताको अन्यथा पुष्टी भएमा वा कार्यालयको विद्युतीय अभिलेखमा कैफियत(Remarks) मा रहेको कम्पनीको कुनै अभिलेख स्वीकार गरिएको वा रजिष्ट्रारबाट प्रत्यायोजित अधिकारको गलत वा त्रुटीपूर्ण प्रयोग गरी अभिलेख राखिएको कार्य रजिष्ट्रारले जुनसुकै समयमा वदर गर्न सक्नेछ।

❖ ९५ञ.**<u>अभिलेख व्यवस्थापन तथा अध्यावधिक सम्वन्धी व्यवस्था:(१)</u>**कार्यालयको अभिलेख शाखामा कम्पनीको फायलमा रहेका पुराना ,जीर्ण र असम्वन्धित कागजातहरु प्रचलित कानून वमोजिम धुल्याई अभिलेख व्यवस्थित गर्न सकिनेछ।

(२) उपदफा (१) वमोजिम कागजात धुल्याउने तथा कम्पनीका काम कारवाहीहरुको विवरण स्क्यान गरी अभिलेख व्यवस्थित गर्न कार्यालयमा उपलब्ध जनशक्तिलाई कार्यालय समय वाहेकको समयमा काममा लगाउन र सोको लागि थप अस्थाई जनशक्ति व्यवस्थापन गर्न सकिनेछ।

(३) कार्यालय समय वाहेकको समयमा अभिलेख व्यवस्थापनको काममा खटिने कर्मचारीलाई कार्यालयले अतिरिक्त पारिश्रामिकको व्यवस्था गर्न सक्नेछ।

(४) कम्पनीले आफ्नो कार्य संचालन अवधिमा दुई वा सो भन्दा वढी पटक प्रवन्धपत्र तथा नियमावली संशोधन अभिलेखन गराएको भए यो दफा प्रारम्भ भएको मितिले एकवर्ष भित्र त्यस्तो प्रवन्धपत्र तथा नियमावली पुनःसम्पादन तथा एकिकृत गरी सो प्रवन्धपत्र तथा नियमावली कार्यालयको विद्युतीय प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

(५) कार्यालय र कम्पनी विचको काम कारवाहीलाई व्यवस्थित तुल्याउन यो दफा प्रारम्भ भएको मितिले एकवर्ष भित्र कम्पनीको आधिकारिक मोवाईल नम्वर र कम्पनीका संचालकहरुको राष्ट्रिय परिचयपत्र समेत कार्यालयको विद्युतीय प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

(६) उपदफा (४) वमोजिम पुनः सम्पादन तथा एकिकृत गरिएको प्रवन्धपत्र तथा नियमावली कार्यालयमा पेश गर्दा सो भन्दा अगाडी भएको संशोधित व्यवस्था भन्दा फरक नभएको भनि कम्पनीका संचालकहरुले गरेको उदघोषणपत्र समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

(७) कम्पनीको युजरनेम तथा पासवर्ड एक जना संचालकसंग र मोवाईल नम्वर अर्को संचालकको प्रयोग भई आधिकारिक मोवाईल नम्वर अध्यावधिक गर्ने कार्यमा विवाद सिर्जना भएमा कम्पनीले मोवाईल नम्वर परिवर्तन गरी अध्यावधिक गर्न वाधा पर्ने छैन।

(८) कार्यालयले उपदफा (४) र (५) मा तोकिएको अवधिभित्र तोकिए वमोजिमको विवरण अध्यावधिक नगर्ने कम्पनीको अन्य कुनैपनि विवरण अभिलेखन गर्न ईन्कार गर्न सक्नेछ।

❖ ९५ट. **<u>कम्पनीको युजरनेम तथा पासवर्ड प्रयोग सम्वन्धी व्यवस्था:(१)</u>** कार्यालयले सामान्यतः कम्पनीको संचालक समितिको निर्णय वमोजिम कम्पनीको अख्तियार प्राप्त कुनै संचालक वा कम्पनी सचिव वा कार्यकारी निर्देशक वा कम्पनीले तोकेको कुनै पदाधिकारीलाई कम्पनीको युजरनेम तथा पासवर्ड उपलब्ध गराउनेछ।

(२) कम्पनीका शेयरधनी तथा संचालकहरु विच कुनै विवाद सिर्जना भएको अवस्थामा कार्यालयले कम्पनीको चुक्ता पूंजीको पचास प्रतिशत भन्दा वढी शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी संचालकहरुको निर्णयानुसार अख्तियार प्राप्त व्यक्तिलाई युजरनेम र पासवर्ड उपलब्ध गराउन सकिनेछ।



❖ दोश्रो संशोधनद्धारा थप।

(३) कम्पनीका विवादित पक्षहरुको शेयर संख्या वरावर भएमा वहुमत शेयरधनी संचालकको निर्णयानुसार कार्यालयले युजरनेम तथा पासवर्ड उपलब्ध गराउन प्राथमकिता दिन सक्नेछ।

❖ ९५ठ.कार्यालयले सरलीकृत कार्यक्रम लागु गर्न सक्नेः(१) कार्यालयमा दर्ता भइ कानून बमोजिम विवरण पेश नगरेका कम्पनीहरूको दर्ता खारेज वा अध्यावधिक गर्न कार्यालयले समय समयमा योजना तर्जुमा गरी समयावधि तोकी सरलीकृत कार्यक्रम लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत कम्पनीको दर्ता खारेजी वा अध्यावधिक गर्ने शर्तहरू कार्यालयले तोक्न सक्नेछ।

९६. कम्पनी निर्देशिका, २०६५ खारेज गरिएको छ।

---

❖ दोश्रो संशोधनद्धारा थप।

अनुसूची–१

(दफा ११ सँग सम्बन्धित)

मितिः.................

श्रीमान् रजिष्ट्रारज्यू,

कार्यालय,

...........................................।

विषयः अख्तियारनामा दिइएको ।

महोदय,

म/हामी निवेदक/निवेदकहरुले...................................................... प्राइभेट लिमिटेड/पब्लिक लिमिटेड/मुनाफा वितरण नगर्ने कम्पनी दर्ता गर्न निवेदन गरेकोमा म/हामी आफ्नो काम विशेषले गर्दा नभ्याउने भएकोले मेरो/हाम्रो सट्टा कानूनले अख्तियार दिन हुने श्री.............................लाई त्यस कार्यालयमा उपस्थित भई मेरो/हाम्रो तर्फबाट दर्तासम्बन्धी सम्पूर्ण कार्य गर्न अधिकार प्रदान गरी पठाएको/पठाएका छुँ/छौँ। निज अख्तियारप्राप्त व्यक्तिले कम्पनी दर्ताको निवेदन पेश गर्ने, कम्पनीको प्रस्तावित नाम अन्य दर्ता भएको कम्पनीसँग भिड्न गएमा नयाँ नाम प्रस्ताव गर्ने, त्यस कार्यालयको आदेशबमोजिम प्रबन्धपत्र तथा नियमावलीमा गरिएको कुनै व्यवस्था संशोधन वा सच्याउनु पर्ने भएमा सो समेत गर्ने लगायत कम्पनी दर्तासम्बन्धी सम्पूर्ण आवश्यक कार्य गरी कम्पनी दर्ता गरी कम्पनी दर्ता प्रमाणपत्र तथा प्रमाणित प्रबन्धपत्र तथा नियमावली बुझी लिएमा मेरो÷हाम्रो मञ्जुरी छ । पछि कुनै कुराको उजुर दावी गर्ने छैन/छैनौ भनी राजीखुशीसँग यो अख्तियारनामाको कागज लेखी सहीछाप गरी निज अधिकारप्राप्त व्यक्तिलाई दिएँ/दियौँ। निज अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षरको नमूना देहाय बमोजिम रहेको छः

अख्तियारनामा पाउने व्यक्तिको हस्ताक्षरको नमूना

.................................................

भवदीय

१. हस्ताक्षर

नामः

२. ठेगानाः

## अनुसूची–२

लिखित उदघोषणका विषयवस्तुहरुः ऐनको दफा ७८ को खण्ड (ण) बमोजिम प्रत्येक पब्लिक कम्पनीले तयार गर्नुपर्ने लिखित उद्घोषणमा देहायका कुराहरु खुलाइएको हुनुपर्नेछः

(क) कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा संशोधन गरिएको भए संशोधन गरेको मिति, संशोधित प्रबन्धपत्र वा नियमावली कार्यालयमा अभिलेख गरेको वा नगरेको लगायत ऐनका व्यवस्थाहरु पालना गरिएको वा नगरिएको कुरा,

(ख) नयाँ शेयर जारी गरिएको भए ऐनको म्यादभित्र शेयर बाँडफाँडको विवरण म्यादभित्र पेश गरेको वा नगरेको कुरा र म्याद नाघी पेश भएको भए जरिवाना तिरेको रकम,

(ग) कम्पनीले डिवेञ्चर उठाउंदा ऐनमा गरिएको व्यवस्था गरे नगरेको कुरा,

(घ) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको निरीक्षण बन्द गरेको मिति, पटक सो सम्बन्धमा ऐनको पालना गरेको वा नगरेको कुरा,

(ङ) कम्पनीले शेयर जफत गरेको भए ऐनका व्यवस्थाहरु पालना गरेको वा नगरेको कुरा,

(च) कम्पनीको खुद सम्पत्ति घट्न गई चुक्ता पूँजीको आधा वा सो भन्दा कम भएको भए सो सम्बन्धमा सञ्चालक समितिले ऐनबमोजिमको जिम्मेवारी पूरा गरेको वा नगरेको कुरा,

(छ) कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए खरीद गरेको मिति र सो सम्बन्धमा ऐनका व्यवस्थाहरु पालना गरेको वा नगरेको कुरा,

(ज) कम्पनीले ऐन बमोजिम वार्षिक साधारण सभा गरे नगरेको कुरा, वार्षिक साधारण सभाको सूचना, गणपूरक संख्या, स्थान लगायतका विषयहरुमा ऐनको व्यवस्थाहरु पालना भएको वा नभएको कुरा, वार्षिक साधारण सभाको निर्णय विवरण रीतपूर्वक अभिलेख गरेको वा नगरेको कुरा,

(झ) कम्पनीले विशेष साधारण सभा गरेको भए सो गरेको मिति र सो सम्बन्धमा ऐनको व्यवस्थाहरु पालना भएको वा नभएको कुरा,

(ञ) कम्पनीले देहाय बमोजिमका विवरण वा सूचना म्यादभित्र कार्यालयमा पेश गरेको वा नगरेको कुराः

(१) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन।

(२) शेयर बाँडफाँडको विवरण।

(३) धितोपत्र व्यवसायी र कम्पनीबीच भएको सम्झौता।

(४) शेयरमा रहेको हकसम्बन्धी जानकारी।

(५) शेयर, डिवेञ्चर र ऋणको लगत।

(६) आफ्नो शेयर आफैले खरीद गरेकोमा सो सम्बन्धी जानकारी।

(७) अग्राधिकार शेयर फिर्ता लिएको भए सो सम्बन्धी जानकारी।

(८) वार्षिक साधारण सभा गर्नुभन्दा कम्तीमा एक्काइस दिन अघि पेश गर्नुपर्ने प्रतिवेदन।

(९) वार्षिक साधारण सभाको विवरण र वार्षिक आर्थिक विवरणहरु।

(१०) लेखापरीक्षकको नियुक्तिको जानकारी।

(११) कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना परिवर्तन गरिएको भए सोको जानकारी।

(१२) कम्पनीका सञ्चालकहरुको निजी स्वार्थ रहेको विषयमा गराएको जानकारी।

(ट) कम्पनीका पदाधिकारीहरुले कम्पनीमा बुझाउनुपर्ने देहायका लिखतहरु बुझाएको वा नबुझाएको कुराः

(१) आफ्नो निज स्वार्थ रहेको विषयमा सञ्चालकले गराउनुपर्ने जानकारी।

(२) कम्पनीको सञ्चालक वा निजको नजिकको नातेदारले कम्पनीको शेयरमा हक प्राप्त गरेको जानकारी।

(३) आफू आधारभूत शेयरधनी हुन पुगेको वा आधारभूत शेयरधनी नरहेकोमा त्यस्तो शेयरधनीले कम्पनीलाई गराउनुपर्ने जानकारी।

(४) अन्य कसैको हक वा लगानी।

(ठ) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, निजहरुको कार्यकाल, पारिश्रमिक, भत्ता र सुविधा ऐनबमोजिम रीतपूर्वक भएको वा नभएको कुरा।

(ड) ऐन बमोजिम कम्पनीमा स्वतन्त्र सञ्चालकको नियुक्ति भएको वा नभएको कुरा।

(ढ) कम्पनीको सञ्चालक समितिको बैठक कहिले बस्यो, सञ्चालक समितिको बैठकको न्यूनतम संख्या, सो सम्बन्धी सूचना र निर्णय विवरणका लगायतका विषयहरुमा ऐनका व्यवस्थाहरुको पालना भएको वा नभएको कुरा।

(ण) कम्पनीले आफ्नो सञ्चालक वा निजको नजिकको नातेदारसँग कुनै अर्थपूर्ण कारोबार गरेको भए त्यस्तो कारोबार गर्न साधारण सभाको स्वीकृति लिएको वा नलिएको कुरा।

(त) कुनै सञ्चालकले कम्पनी मार्फत् आफुलाई व्यक्तिगत फाइदा हुने काम गरेको भए साधारण सभाको निर्णयबमोजिम त्यस्तो फाइदा लिएको हो वा होइन सो कुरा।

(थ) कम्पनीले सञ्चालन गरी आएको व्यवसायको सत्तरी प्रतिशत भन्दा बढी व्यवसाय विक्री गर्दा वा कुनै व्यहोराले हक छोडिदिँदा, चुक्ता पूँजी र सञ्चित मुनाफाको जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिँदा वा एक आर्थिक वर्षमा पचास हजार रुपैयाँ वा कम्पनीको विगत तीन आर्थिक वर्षको सरदर खुद मुनाफाको एक प्रतिशतले हुन आउने रकममध्ये जुन कम हुन्छ सो रकम भन्दा बढीको चन्दा वा अनुदान दिएको भए साधारण सभाबाट विशेष प्रस्ताव पारित गरेको वा नगरेको कुरा सो सम्बन्धी व्यहोरा।

(द) ऐन बमोजिम कम्पनीले राख्नुपर्ने देहाय बमोजिमका दर्ता किताबहरु खडा गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा राखेको वा नराखेको कुरा खुलाउनेः

(१) शेयरधनीको दर्ता किताब

(२) डिवेञ्चरवालाको दर्ता किताब

(३) सञ्चालक तथा कम्पनी सचिवको दर्ता किताब

(४) कम्पनीले अर्को कम्पनीलाई दिएको सापटी, अर्को कम्पनीले लिएको ऋण बापत दिएको जमानत वा कम्पनीको धितोपत्रमा गरेको लगानीको विवरण।

(ध) ऐन बमोजिम कम्पनीले वार्षिक आर्थिक विवरणहरु, लेखापरीक्षण गराएको वा नगराएको कुरा।

(न) कम्पनीले ऐन बमोजिम सञ्चालक समितिको प्रतिवेदन तयार गरेको वा नगरेको कुरा।

(प) ऐन विपरीत कम्पनीले आफ्ना सञ्चालक, पदाधिकारी, आधारभूत शेयरधनी वा निजहरुको नातेदारहरुलाई ऋण प्रदान गरेको वा नगरेको कुरा।

(फ) कम्पनीले डिष्काउन्टमा शेयर जारी गरेको भए सो सम्बन्धमा ऐनका व्यवस्थाहरुको पालना गरेको वा नगरेको कुरा।

(ब) कम्पनीले बोनस शेयर जारी गरेको भए सो सम्बन्धमा ऐन बमोजिमका व्यवस्थाहरुको पालना भएको वा नभएको कुरा।

(भ) कम्पनीले प्रिमियम मूल्यमा शेयर जानरी गरेको भए सो सम्बन्धमा ऐन बमोजिमका व्यवस्थाहरुको पालना भएको वा नभएको कुरा।

(म) कम्पनीले आफ्नो शेयर खरीद गर्न आफ्ना शेयरधनी वा अन्य व्यक्तिलाई कुनै ऋण वा आर्थिक सहयोग प्रदान गरेको वा नगरेको कुरा।

(य) कम्पनीको स्वार्थसँग बाँझिन सक्ने आफ्ना निजी स्वार्थहरु भए सो सम्बन्धमा कम्पनीलाई तोकिएको म्यादभित्र जानकारी गराएको वा नगराएको कुरा।

(र) सञ्चालकले आफ्नो कम्पनी वा सो कम्पनीको सहायक वा प्रमुख कम्पनीको अन्य सहायक कम्पनीको शेयर वा डिवेञ्चरमा हक प्राप्त गरेको भए म्यादभित्र कम्पनीलाई जाकारी गराएको वा नगराएको कुरा।

(ल) कम्पनीले लाभांश वा अन्तरिम लाभांश बाँड्दा ऐनको पालना गरेको वा नगरेको कुरा।

(व) कम्पनीका साधारण सभामा शेयरधनीलाई लाभांश बाहेक कम्पनीको कोषमा व्ययभार पर्ने गरी नगद वा जिन्सीको रुपमा कुनै रकम भुक्तानी गरेको वा नगरेको कुरा।

(श) कार्यालयबाट कम्पनीलाई कुनै निर्देशन दिएको भए सो निर्देशनको पालना भएको वा नभएको कुरा।

(ष) सूचीकृत कम्पनी भए वार्षिक साधारण सभाको सूचनाको साथमा संक्षिप्त आर्थिक विवरण शेयरधनीलाई पठाएको वा नपठाएको कुरा।

(स) लेखापरीक्षण समिति गठन गर्नुपर्ने सूचीकृत कम्पनी भए ऐन बमोजिम त्यस्तो समिति गठन गरिएको वा नगरिएको कुरा।

(ह) ऐनको उल्लङ्घन गरेको अभियोगमा कम्पनी विरुद्ध कुनै कारबाही चलिरहेको वा त्यस्तो कसूर ठहर भई कम्पनीले कुनै दण्ड सजायँ व्यहोर्नु परेको भए सो को व्यहोरा।

(क्ष) ऐनको दफा ८१ अनुसार कम्पनीका सञ्चालक तथा पदाधिकारीले कार्यालयलाई तिरेको जरिवानाको विवरण
।

(त्र) कम्पनीको सुशासन तथा पारदर्शिताको दृष्टिकोणबाट कम्पनी सचिवले खुलाउन आवश्यक ठानेका अन्य आवश्यक कुराहरु।

## अनुसूची–३

कम्पनीको नाम दर्ता गर्दा ध्यान दिनु पर्ने विषयहरूः

१. कम्पनीको नाम Title Case मा हुनु पर्ने ।

E.g. Everest Computer Center :Right

E.g. EVEREST COMPUTER CENTER :Wrong

E.g. EVEREST Computer Center :Wrong

२. कम्पनीको नाम नेपाली र अंग्रेजीमा एउटै हुनु पर्ने ।

E.g. Sun Energy

सन इनर्जी :Right

E.g. Nepali Agriculture Company

नेपाल एग्रीकल्चर कम्पनी :Right

E.g. Nepali Agriculture Company

नेपाल कृषि कम्पनी :Wrong

३. कम्पनीको नाम नम्बरमा प्रयोग नभएको हुनुपर्छ ।

E.g. News Twenty Four :Right

E.g. News24 :Wrong

४. कम्पनीको नाम: Colon, Semicolon, Apostrophe, Hyphen , comma (- , _ " " & ' ') जस्ता चिन्ह तथा सर्वनाम जस्तै मेरो, तिम्रो , हाम्रो , My , Our जस्ता शब्दबाट प्रयोग भएको हुनु हुँदैन।

E.g. Rams Movie :Right

E.g. Ram's Movie :Wrong

E.g. My Movie :Wrong

५. कम्पनीको नाम छोटकरीमाचाहियो भने प्रत्येक अक्षरको पछाडी डट (.) प्रयोग भएको हुनु पर्छ ।

E.g. A.B.C. Company :Right

E.g. ABC Company :Wrong

६. विद्यालय सँग सम्बन्धित कम्पनीको हकमा कम्पनीको नामको पछाडी अनिबार्य रुपमा जिल्लाको नाम उल्लेख गर्नु पर्ने।

E.g. Bright Future English Boarding School Chitwan :Right

E.g. Bright Future English Boarding School :Wrong

७. कम्पनीको नाममा Dot Com/( .com) भन्ने शब्द प्रयोग नगर्ने।

E.g. ABC Dot Com :Wrong

८. पहिले दर्ता भइसकेको कम्पनीको नामको अगाडी A, An , The , New Super, Om, Nepal , International , Shree जस्ता शब्द प्रयोग नगर्ने।

९. कम्पनीको नाममा अन्य देशको नाम प्रयोग नगर्ने,

E.g. भारत इस्पोर्ट एक्सपोर्ट :Wrong

E.g. China Restaurant :Wrong

१०. एक पटक दर्ता भैसकेको कम्पनीको नाम सुन्नमा उस्ता उस्तै लागेको खण्डमा त्यस्ता कम्पनीको नाम फरक मानिने छैन।

E.g. Mega, - Megha, Om-Ohm

११. कम्पनीको नाम राख्दा उद्देश्य झल्कने गरी राख्ने।

E.g. A.B. Pvt :Wrong

E.g. A.B. Enterprises